# निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शैक्षिक योजना
तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह एम.एड.
द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्नका
लागि तयार पारिएको

शोधपत्र

शोधकर्ता
लीला मिजार
क्याम्पस रोल्नं. १२७
परीक्षा रोल्नं. २०४००४७
त्रि.वि. दर्ता नं. ८१३६/८७

कन्काई वहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
सुरुङ्गा, झापा
२०६९

त्रिभुवन विश्वविद्यालय सम्बन्धन प्राप्त

# कनकाई बहुमुखी क्याम्पस

सुरुङ्गा, झापा

नेपाल

मिति :-

☎: ०२३-५

☎: ०२३-५

फ्याक्स :०२

विषय : सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विषय स्नातकोत्तर तह (एम.एड) द्वितीय वर्षका छात्रा लिला मिजार्को **निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयन** शीर्षकमा तयार पारिएको हो । उक्त शोधकार्यप्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

मिति : २०६९/१२/१५

२०६९/१२/१५

मोहनप्रसाद ओली

शोध निर्देशक

कनकाई बहुमुखी क्याम्पस

त्रिभुवन विश्वविद्यालय सम्बन्धन प्राप्त
# कनकाई बहुमुखी क्याम्पस
सुरुङ्गा, झापा
नेपाल

☎: ०२३-५५०१
☎: ०२३-५५०८
फ्याक्स :०२३- ५

मिति :-

विषय : स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विषय स्नातकोत्तर तह (एम.एड) द्वितीय वर्षका छात्रा लिला मिजारले **निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयन** शीर्षकमा तयार गरेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | उप. प्रा. आशा शर्मा शिवाकोटी | विभागीय प्रमुख | .................... |
| २. | मोहनप्रसाद ओली | शोध निर्देशक | .................... |
| ३. | उप. प्रा. गणेशप्रसाद खनाल | बाह्य परीक्षक | .................... |

मिति : २०६९/१२/२७

# कृतज्ञता ज्ञापन

त्रिभूवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह शैक्षिक योजना तथा व्यवस्थापन विशिष्ठीकरण विषय दोश्रो वर्षको आंशिक आवश्यकता पुरा गर्नकालागि प्रस्तुत "निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यानवयन" विषयक शोधकार्य सम्पन्न गर्न शोध प्रस्ताव तयारीदेखि नै आवश्यक मार्ग निर्देशन तथा सुझाव दिनुहुने शोध निर्देशक तथा आदरणीय गुरु सहायक प्राध्यापक श्री मोहन प्रसाद ओलीप्रति म कृतज्ञता ज्ञापन गर्न चाहान्छु । त्यस्तै गरेर अध्ययनको अवसरमा विविध सहयोग प्रदान गर्ने विभागीय प्रमूख आशा शर्मा शिवाकोटीज्यू र सम्पूर्ण क्याम्पस पविार प्रति धन्यवाद प्रदान गर्न चाहान्छु ।

प्रस्तुत शोधपत्र लेखनकार्यमा आवश्यक पर्ने सन्दर्भ सामाग्री जुटाईदिने जिल्ला शिक्षा कार्यलय, झापाका विद्यालय निरिक्षक श्री फडिन्द्र खत्री प्रति पनि म आभार व्यक्त गर्दछु । निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी प्रश्नावलीको माध्यमवाट तथ्य र तथ्याङ्क उपलब्ध गराईदिनुहुने नमुना विद्यालयका अभिभावकवर्ग, शिक्षकवर्ग, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ज्यू, प्रधानाध्यापक ज्यूहरु प्रति पनि म धन्यवाद ज्ञापन गर्दछु । अन्त्यमा शोधपत्रको टङ्कनमा सहयोग गर्नुहुने भाई सन्तोष न्यौपानेलाई पनि धन्यवाद दिन चाहान्छु ।

धन्यवाद ।

लीला मिजार

एम.एड. दोश्रो वर्ष

२०६९

# *शोधसार*


निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यन्वयन विषयक अध्ययनका मुख्य उद्देश्यहरु निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयनमा सरकारवालाको भूमिका पहिचान गर्ने , निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयनमा प्रभाव पार्ने तत्वहरुको खोजी गर्ने, निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयनमा आइपरेका समस्या पत्ता लगाउने तथा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयनमा देखा परेका समस्या समाधानका उपायहरु पत्ता लगाउने रहेका छन् ।

प्रस्तुत अध्ययन व्यापक पूर्व  योजना जस्तै : प्रस्ताव तयारी, तथ्याङ्क सङ्कलन तथा प्रशोधन, शोधपत्र टङ्कन, बजेडिङ्ग, आदिको तयारी गरी सम्पन्न गरिएको छ । यसको लागि तथ्याङ्कको प्राथमिक श्रोतको रुपमा प्रश्नावली , कार्यक्षेत्र अध्ययन, अवलोकन तथा छलफललाई लिएको छ भने द्धितीय श्रोतको रुपमा विद्यार्थी हाजिरी, विद्यार्थीहरुको नतिजा, फायललाई प्रयोग गरिएको छ । अध्ययनलाई विश्वसनीय र वैध बनाउनको लागि छलफल प्रश्नोत्तरबाट तथ्याङ्क प्राप्त गरिएको छ । तथ्याङ्कलाई गुणात्मक र संख्यात्मक प्रक्रियाबाट विश्लेषण गरिएको छ ।

अध्ययनले निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयनमा सकारात्मक पक्ष नै बढी भएको देखाएको छ ।

अध्ययनले निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयनमा सकारात्मक पक्ष नै बढी देखाएता पनि यसका नकारात्मक पक्ष पनि रहेका छन् । यी नकारात्मक पक्षमा सुधार गर्नका लागि सम्बन्धीत सरोकारवालालाई सुझाव पेश गरिएको छ जसमा विद्यालय व्यवस्थापन समितिले निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली सम्बन्धी अवधारणाको अध्ययन गरेर यस सम्बन्धमा विद्यालयमा अभिमुखी कार्यक्रम संचालन गर्नुपर्ने, विद्यलयमा निरन्तर मूल्याङ्कन सम्बन्धी र व्यवस्थापनको लागि व्यापक छलफलका लागि बैठक गर्नु पर्ने हुन्छ । त्यस्तै गरेर अभिभावकले आफ्ना बालबालिकालाई लेखपढ गर्ने वातावरण घरमा पनि उपयुक्त रुपमा मिलाई दिनु पर्ने, लेखपढ गर्ने सामग्री जुटई दिनुपर्ने, नियमित रुपमा छोराछोरीलाई विद्यालय पठाउने पर्ने , उनीहरुको प्रगति विवरण विद्यालयमा गएर जानकारी लिनुपर्ने देखिन्छ भने प्रधानाध्यपकले निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली सम्बन्धी सामग्री शिक्षकहरुलाई जुटाइदिनुपर्ने, बैठकमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली सम्बन्धी छलफल पनि गर्नु पर्ने , शिक्षकका समस्याहरु बुझेर सहयोग गर्नु पर्ने

आदि रहेका छन् । त्यस्तै गरेर शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली सम्बन्धी सामग्रीको अध्ययन गरी निरन्तर मूल्याङ्कन गर्नुपर्ने देखिन्छ । नीति निर्माण तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली सम्बन्धी नीति स्पष्ट हुनुपर्ने, पुरस्कार र दण्डको व्यवस्था गर्नुपर्ने देखिन्छ भने अनुसन्धानले अझै पनि निरन्तर मूल्याङ्कनमा  प्रभाव पार्ने तत्वको खोजी गर्नु पर्ने देखिएको छ ।

# विषय सूची

## परिच्छेद एक : परिचय


१.१. अध्ययनको पृष्ठभूमि १

१.२. समस्याको कथन ८

१.३. अध्ययनको औचित्य ८

१.४. अध्ययनको उद्देश्य १०

१.५. अनुसन्धानात्मक प्रश्नहरु १०

१.६. अध्ययनको परिसिमा १०


## परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा खाका


२.१ सम्बन्धित साहित्यको पुनरावलोकन १२

२.२ पुनरावलोकनको उपादेयता १६


## परिच्छेद तीन : अध्ययन विधि


३.१. अनुसन्धनात्मक ढाँचा १७

३.२. अध्ययनको जनसङ्ख्या नमुना छनौट विधि १७

३.२.१. नमुनाको आकार १८

३.२.२. नमुना छनोट प्रकृया १८

३.३. तथ्याङ्क सङ्कलनका साधनहरु १८

३.४. तथ्याङकका स्रोतहरु १९

३.५. तथ्याङक सङ्कलनको विधि १९

३.६. तथ्याङ्क विश्लेषण विधि २०


## परिच्छेद चार : तथ्याङ्कको व्याख्या तथा विश्लेषण


४:१. अभिभावकको भूमिकासंग सम्बन्धित तथ्याङकको विशलेषण तथा प्रस्तुतिकरण २१

४.२ विद्यालय व्यवस्थापन समितिका भूमिकासंग सम्वन्धित तथ्य र तथ्याङकको

विश्लेषण तथा प्रस्तुतीकरण : २१
४.३ प्रधानाध्यापकहरुको भूमिकासँग सम्बन्धित तथ्य र तथ्याङ्कको व्याख्या
विश्लेषण २१
४.४ शिक्षकहरुबाट प्राप्त तथ्यको विश्लेषण २२
४.५ अवलोकनवाट प्राप्त तथ्य र तथ्याङ्कको विष्लेशण तथा प्रस्तुतिकरण २३
४.६ कार्यक्षेत्र सर्वेक्षण सम्बन्धि तथ्यको विश्लेषण तथा व्याख्या २४

**परिच्छेद पाँचः निष्कर्ष तथा सुझाव** २५-२७
५.१ निष्कर्ष २५
५.२ सुझाव २५-२७
५.२.१ नीतिगत तह २५-२६
५.२.२ कार्यान्वयन तहलाई सुझाव २६-२७
५.२.३ अनुसन्धान तहलाई सुझाव २७

सन्दर्भग्रन्थ सूची
अनुसूचीहरु

# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

फूयाँल (२०६५, पृष्ठ- १, २, ३ र ४) का अनुसार विद्यालय शिक्षा भनेको शिक्षाको जग हो । यसले नागरिकमा चरित्र निर्माण लगायत भविष्यको लागि चाहिने ज्ञान, सिप, र अभिवृत्तिको विकास गराउँछ भन्ने कुरामा दुई मत हुन सक्दैन । व्यक्तिको जीवनमा शिक्षाको महत्व अत्यधिक हुँदाहुँदै पनि विभिन्न कारणहरूले गर्दा विशेष गरी विकासोन्मुख राष्ट्रका सम्पूर्ण बालबालिकाको पहुँच विद्यालय शिक्षासम्म पुग्न सकेको छैन । शिक्षा प्राप्त गर्नु सबै बालबालिकाको नैसर्गिक अधिकार हो भन्ने परिप्रेक्ष्यमा सन् १९९० मा थाइल्याण्डको जोमटिनमा भएको "सबैका लागि शिक्षा" सम्बन्धी प्रथम विश्व सम्मेलनको घोषणालाई सन् २००० मा सेनेगलको डकारमा भएको विश्व शिक्षा मञ्चले समीक्षा गर्दै सन् २०१५ सम्ममा सबैका लागि शिक्षा हासिल गर्न ६ वटा मुख्य लक्षहरू राखिएका छन् । ती लक्ष्य हासिल गर्न नेपालले पनि सन् २०१५ सम्म "सबैका लागि शिक्षा" नारालाई सार्थक पार्न त्यसको कार्ययोजना (२००१-२०१५) बनाई सो योजना पूरा गर्नका लागि पहिलो चरणमा सबैका लागि शिक्षा कार्यक्रम (२००४-२००९) को रणनीतिक कार्यक्रम तयार गरेर आ.व. २०६१/०६२ देखि कार्यान्वयन गर्न शुरु गरेको थियो (शिक्षा तथा संस्कृति मन्त्रालय, सन् २००३) ।

अझै विद्यालय उमेर समूहका १२.६% बालबालिका विद्यालय बाहिर नै छन् जसमा अधिकांश बालबालिकाहरू अपाङ्ग, सडक बालबालिका, गरिबीको चपेटामा परेका, द्वन्द्व पीडित तथा कठिन भूपरिवेशमा रहेका बालबालिकाहरूमा पनि विशेष गरी वालिका रहेको कुरा विभिन्न अध्ययनले देखाएको छ । सन् २०१५ सम्ममा यी विद्यालय बाहिर रहेका सम्पूर्ण बालबालिकालाई सबैको प्रयासबाट विद्यालयभित्र ल्याउन, टिकाई राख्न र गुणस्तरीय शिक्षा प्रदान गर्ने कार्य सरकारको सामु ठूलो चुनौतीको रूपमा रहेको छ । यिनै चुनौतीको सामना गर्दै विश्व सामू नेपालले गरेको प्रतिवद्धता पूरा गर्ने क्रममा सबैका लागि शिक्षा सुनिश्चितताका लागि विद्यार्थी भर्ना अभियान तथा विद्यालय स्वागत कार्यक्रम आर्थिक वर्ष २०६१/०६२ देखि नेपाल अधिराज्य भरि लागू

भएको हो । राष्ट्रको यो अभियान पूरा गर्न विद्यालय शिक्षाको पहुँचमा विस्तार गर्न र गुणस्तर कायम राख्न मूल्याङ्कनको अहम भूमिका रहेको हुन्छ ।

व्यक्तिमा अन्तरनिहित सिर्जनात्मक प्रतिभा र क्षमतालाई उजागर गर्दै सामाजिक उत्थान गर्नु, मानवीय मूल्य एवं मान्यतालाई आत्मसात गरी वैज्ञानिक दृष्टिले कार्य सम्पादन गर्न सक्ने नागरिक तयार गर्नु, आधुनिक शिक्षाको मुख्य उद्देश्य हो । शिक्षाको क्षेत्रमा न्यूनतम आधारभूत भौतिक तथा शैक्षिक पूर्वाधार उपलब्ध नहुनु, शिक्षकहरूको गुणस्तर र बृत्तिविकास बीच समन्वय नहुनु जस्ता चुनौतीहरू छन् । यस अवस्थालाई मनन गरी मुलुकका सबै नागरिकलाई क्रमशः साक्षर वनाउने र गुणस्तर तथा रोजगारमूलक शिक्षा प्रदान गर्नुपर्छ (राष्ट्रिय योजना आयोग, २०६३) ।

मूल्याङ्कन विभिन्न पक्षको लेखाजोखाको लागि गर्ने गरिन्छ । मूल्याङ्कन निर्णय दिने होस् या नदिने होस् यसले विद्यार्थीको सुधार या लेखाजोखा गर्ने कार्य गरेको हुन्छ । मूल्याङ्कन एक नियमित र निरन्तर रूपमा चलिरहने प्रकृया हो । यसले विद्यार्थीको स्तर निर्धारण गर्न, कमी कमजोरी पत्ता लगाउन र सच्याउन नियमित भइरहनु पर्दछ (ज.व.रा., २०६२) ।

तोकिएको उपलब्धि के कति मात्रमा पूरा भयो भनेर विद्यार्थीको मूल्याङ्कन गर्ने गरिन्छ । पाठ्यक्रममा शिक्षाको उद्देश्य अनुसार लक्ष्य हासिल गर्नका लागि विषयवस्तुहरू समावेश गरिएको हुन्छन् । विद्यार्थीहरूले पाठ्यक्रमले तोके वमोजिम उपलब्धि पूरा गरेनन् भने शिक्षा क्षेत्रमा जति लगानी गरेता पनि त्यो प्रभावकारी रूपमा अगाडि बढ्न सक्दैन । विभिन्न किसिमका नयाँ प्रविधिको विकास र आविष्कारका कारण शिक्षामा पनि गहिरो प्रभाव परेको छ । राष्ट्रलाई अग्रगतिमा बढाउन शिक्षाको ठूलो महत्व छ । भविष्यका सन्ततिहरू उत्पादन गर्ने क्रममा शिक्षा क्षेत्र असफल भयो भने विकासको गति अगाडि बढ्न सक्दैन । नेपालमा पनि शिक्षाको विकासक्रम विभिन्न समयमा परिवर्तन हुँदै आएको छ । प्राचीन कालमा नेपालको शिक्षा गुरुकुल शिक्षा प्रणालीमा आधारित थियो । यस शिक्षा प्रणालीमा गुरुको इच्छा अनुरूपको पाठ्य विषय समावेश हुन्थे । गुरुहरूले नै मूल्याङ्कनकर्ताको भूमिका

निर्वाह गर्दथे । मूल्याङ्कन गर्ने कुनै ठोस आधार नभएता पनि गुरुको इच्छा र चाहना अनुरूप सिकारुलाई थप नयाँ नयाँ ज्ञान प्रदान गरिन्थ्यो । प्राचीन कालमा श्रवण, व्याख्या, प्रदर्शन, छलफल आदि माध्यमबाट शिक्षा दिइन्थ्यो भने सिकारुको चारित्रिक गतिविधि सामूहिक परीक्षातर्फ धर्म र दर्शनको बारेमा छलफल तथा बहस र शास्त्रीय विधिद्वारा परीक्षा लिइन्थ्यो (कलेज अफ एजुकेशन, सन् १९५६) ।

नयाँ शिक्षा पद्धति योजना (२०२८-२०३२) मा पनि प्राथमिक तहमा प्रत्येक विद्यार्थीको पढाइ तथा अन्य प्रगति विवरण कार्ड राख्न र तीन-तीन महिनामा विद्यार्थी प्रगतिको मूल्याङ्कन गर्ने व्यवस्था थियो । प्राथमिक तहको अन्त्यमा जिल्ला स्तरीय परीक्षा लिएर मूल्याङ्कन गर्ने व्यवस्था गरिएको थियो (शिक्षा मन्त्रालय-२०२८) ।

कक्षा १-३ का विद्यार्थीको मूल्याङ्कनका लागि नियमित परिपाटी वसाल्नु पर्ने (राष्ट्रिय शिक्षा आयोग-२०४९), त्यस्तै गरेर कक्षा दोहोऱ्याउने र बीचैमा कक्षा छाड्ने प्रवृत्तिबाट उत्पन्न शैक्षिक क्षतिलाई कम गर्न र विद्यार्थीको स्वाभाविक रूपमा उदार कक्षोन्नति व्यवस्था अवलम्बन गर्नु पर्ने (उच्च स्तरीय शिक्षा आयोगको प्रतिवेदन-२०५५), विद्यालय शिक्षाको प्रस्तावित कार्यनीति र कार्यक्रमको अवधारणा पत्र २०५८ मा समेत प्राथमिक विद्यालय तहको कक्षामा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गर्ने कुरामा जोड दिएको छ । साथै विद्यालय क्षेत्र सुधार कार्यक्रमको नीति तथा रणनीति सम्बन्धी मूल दस्तावेजको मस्यौदा २०६४ अनुसार कक्षा एकदेखि आठसम्मलाई निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली र परीक्षा प्रणाली अपनाउने प्रस्ताव गरेको छ (शिक्षा तथा खेलकुद मन्त्रालय, २०६४) ।

नेपालमा अहिले एकातर्फ शिक्षाको गुणस्तर वृद्धिका लागि गुणात्मक शिक्षाको अभाव टड्कारो रूपमा देखिएको छ भने अर्कातर्फ शिक्षामा पहुँचको समस्या पनि त्यतिकै रूपमा देखा परेको छ । विद्यालय सेवा क्षेत्रका सबै बालबालिकाहरू विद्यालय गएका छैनन्, विद्यालय गएकाले पनि गुणात्मक शिक्षा प्राप्त गर्न सकेका छैनन् । नेपाल सरकारले विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालय ल्याउनको लागि छात्रवृत्ति, पौष्टिक आहार, पोशाक एवं तेल वितरण गर्ने जस्ता कार्यक्रम संचालन गरी शिक्षामा

सबैको पहुँच पुऱ्याउन प्रयास गरेको छ (शिक्षा तथा खेलकुद मन्त्रालय, २०६४ पूर्ववत्) ।

विद्यालयमा भर्ना भएका विद्यार्थी मध्ये बीचैमा कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने प्रमुख कारणमा अनुत्तीर्ण हुने समस्या नै प्रमुख रूपमा पाइएको छ । यी समस्यालाई समाधान गरी गुणस्तरीय शिक्षामा सबैको पहुँच पुऱ्याउन र शैक्षिक लगानीको क्षति कम गर्न नेपाल सरकारले अनिवार्य प्राथमिक शिक्षा लागू गरेका ५ वटा जिल्ला- इलाम, चितवन, स्याङजा, सुर्खेत र कञ्चनपुर-मा शैक्षिक सत्र २०५६/०५७ देखि निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गरेको छ । सोको परीक्षण पश्चात उक्त कार्यक्रम प्रभावकारी देखिएको आधारमा संशोधित प्राथमिक तहको पाठ्यक्रम २०६२ अनुसार कक्षा एकदेखि तीनसम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गर्ने तथा कक्षा चार र पाँचमा पचास प्रतिशत निर्णयात्मक र पचास प्रतिशत निर्माणात्मक पद्धतिबाट मूल्याङ्कन गरिने व्यवस्था गरिएको छ (पाठ्यक्रम विकास केन्द्र, २०६०) ।

नेपालमा विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०६३) का अनुसार कार्यक्रमलाई पृष्ठपोषण दिन र व्यवस्थित गर्न मूल्याङ्कनको आवश्यकता पर्छ भनिएको छ ।

त्यस्तै गरेर शिक्षाशास्त्रीद्वय K. Kooper and Simons का अनुसार मूल्याङ्कन भनेको Judging the value of something अथवा कुनै वस्तुको मूल्य प्रदान गर्नु नै मूल्याङ्कन हो । मूल्याङ्कन भनेको कार्यक्रमको उद्देश्य प्राप्त भयो भएन भनेर छुट्याउनु हो ।

मूल्याङ्कनको परिचय र परिभाषा दिने क्रममा शिक्षाविद् Dr. Lee James Croanback भन्छन् "शैक्षिक कार्यक्रमको निर्णय लिनको लागि सूचनाहरूको सङ्कलन तथा प्रयोग नै मूल्याङ्कन हो" ।

Thorndike and Hagen को विचारमा शैक्षिक मापनको पर्यायवाची रूप नै मूल्याङ्कन हो ।

तिमल्सिना र पोखेल (२०६०, पृष्ठ २८) का अनुसार मूल्याङ्कन शैक्षिक र मनोवैज्ञानिक क्षेत्रमा प्रयोग गरिने मापन जस्तै तर मापनभन्दा व्यापक र विस्तृत रूपको हुन्छ । मूल्याङ्कनले वस्तु, क्रिया, सङ्ख्या, घटना, वस्तुमा निहित गुणहरूको परिमाणात्मक र गुणात्मक पक्षको व्याख्या र विश्लेषण गर्दछ । मापनको काम गुणहरूलाई मात्रात्मक रूपमा परिवर्तन गरी व्याख्या विश्लेषण गर्नुमा केन्द्रित छ भने मूल्याङ्कनमा मात्रात्मक र गुणात्मक दुवै ढङ्गले व्याख्या र विश्लेषण गर्ने क्षमता छ ।

यसरी मूल्याङ्कन मात्रात्मक साथै गुणात्मक पक्षसँग सम्बन्धित छ । यसले व्यक्ति या संस्थालाई कुनै योग्य निर्णय हासिल गर्न सहयोग पुऱ्याउँछ र छनोटका खातिर निर्दिष्ट दिशावोध समेत गर्दछ । यसले मूल्याङ्कनको क्षेत्र व्यापक रहेको पाइन्छ । मूल्याङ्कन मापनको तुलनामा एक व्यापक एवं मनोवैज्ञानिक धारणा हो जसले गुणात्मक एवं सङ्ख्यात्मक मापन गर्दछ । मूल्याङ्कनको अवधारणा चीनबाट प्रारम्भ भएको मानिन्छ ।

शैक्षिक, मनोवैज्ञानिक, समाजशास्त्रीय तथा वैज्ञानिक क्षेत्र एवं अध्ययन अध्यापन र अनुसन्धानको क्षेत्रमा मूल्याङ्कनलाई अपरिहार्य मानिन्छ । मूल्याङ्कन पाठ्यक्रमको अपरिहार्य अङ्ग हो । यसले पाठ्यक्रम पाठ्यपुस्तक, शिक्षण विधि, शिक्षण सामग्री, शैक्षिक उद्देश्य, शैक्षिक प्रकृया समेतको निरूपण, निर्माण, परिमार्जन र विकासमा अहम भूमिका निर्माण गर्दछ । मूल्याङ्कनलाई बुझ्ने र परिभाषित गर्ने सवालमा मतैक्य चाहिं छैन । विभिन्न विद्वान, शिक्षाविद्, समाजशास्त्री, दार्शनिकहरू मूल्याङ्कनलाई फरक फरक ढङ्गले अर्थ्याउँछन् र परिभाषित गर्छन् । वास्तवमा मूल्याङ्कन भनेको कुनै पनि चिजको अन्तरनिहित गुण, मूल्य र मान्यता मात्रको होशियारी, विवेकसम्मत र न्यायपूर्ण ढङ्गले नाप्ने या मूल्य प्रदान गर्ने तरिका हो ।

पाठ्यक्रम विकासकेन्द्र, सानोठिमी, भक्तपुरद्वरा प्रकाशित, निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन पुस्तिका (२०६८) मा निरन्तर विद्यार्थी मूल्याङ्कनको अवधारणा, निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी विद्यमान नीतिहरू, निरन्तर विद्यार्थी मूल्याङ्कनमा

विभिन्न निकायको भूमिका तथा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन प्रकृयालाई व्याख्या र विश्लेषण गरिएको छ ।

**निरन्तर विद्यार्थी मूल्याङ्कनको अवधारणा**

सामान्य अर्थमा मूल्याङ्कन भनेको अवलोकन तथा अन्य माध्यमबाट प्राप्त सूचनाको आधारमा कुनै कार्यको प्रगति हेर्ने दृष्टिकोण वा मूल्य निर्धारण कार्य हो । यसले ठोस निर्णयका लागि आधार प्रदान गर्दछ । विद्यार्थी मूल्याङ्कन भनेको विद्यार्थीमा के कस्तो सिकाइ उपलब्धि भयो ? या भएन ? भनी हेर्ने प्रकृया हो । Come and Foster (1991) ले मूल्याङ्कनलाई प्रभावकारी सिकाइका लागि आधारभूत शर्तका रूपमा लिएका छन् । सङ्क्षेपमा भन्ने हो भने पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य अनुरूपका ज्ञान, सिप, तथा व्यवहार विद्यार्थीहरूले हासिल गरे गरेनन् वा कति मात्रामा हासिल गरे भनेर लेखाजोखा गर्ने कार्य नै विद्यार्थीको मूल्याङ्कन हो । त्यसकारण मूल्याङ्कन शिक्षण सिकाइ क्रियाकलापको एउटा अभिन्न अङ्गको रूपमा रहन्छ ।

विद्यार्थी केन्द्रित मूल्याङ्कनले विद्यार्थीको व्यवहार र विशेषताहरूको खोजी नीति गर्ने र आवश्यकता अनुसार सुधार कार्य पनि साथसाथै गर्ने भएकोले त्यसलाई विद्यार्थीको सार्थक मूल्याङ्कन भएको मान्न सकिन्छ । यसर्थ विद्यार्थीको सिप, दक्षता, रुचि, उपलब्धि, कार्य कुशलता, अभिवृत्ति आदि विविध पक्षहरूलाई समेटी विद्यार्थीको विकासको लेखाजोखा गर्नु विद्यार्थी मूल्याङ्कन हो । यो सुधारात्मक, निर्माणात्मक हुन्छ । सिकाइ प्रकृया सँगसंगै चलिरहने विद्यार्थीको मूल्याङ्कनलाई निरन्तर विद्यार्थी मूल्याङ्कन भनिन्छ । यो निरन्तर रूपमा हुने गर्दछ । निर्माणात्मक मूल्याङ्कनलाई किन निरन्तर विद्यार्थी मूल्याङ्न भनिन्छ भन्ने सन्दर्भमा स्पष्ट हुन निर्णयात्मक र निर्माणात्मक मूल्याङ्कनको सवालमा स्पष्ट हुन जरुरत छ । साधारण अर्थमा विद्यार्थीको सिकाइ बारेमा जानकारी लिनु नै विद्यार्थी मूल्याङ्कन हो । विद्यार्थीको बारेमा निर्णय लिन र विद्यार्थीमा पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्य पूरा गराउन विद्यार्थी मूल्याङ्कन गरिन्छ । विद्यार्थीको बारेमा निर्णय लिन गरिने मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङन र पाठ्यक्रमले अपेक्षा गरेका सिकाइ उद्देश्य पूरा गराउन

सुधारात्मक शिक्षाण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने अभिप्रायले गरिने मूल्याङ्कनलाई निर्माणात्मक मूल्याङ्कन भन्न सकिन्छ ।

निर्णयात्मक मूल्याङ्कन विद्यार्थीलाई उत्तीर्ण या अनुत्तीर्ण छुट्याउने र उनीहरूको श्रेणी तथा स्तर निर्धारण गर्ने उद्देश्यका लागि गरिन्छ । यस्तै मूल्याङ्कन शैक्षिक सत्रको अन्त्यमा वा तोकिए अनुसार बीच बीचमा व्यवस्थित प्रश्नपत्र र लिखित परीक्षाका माध्यमबाट गरिन्छ । तोकिएको समयमा परीक्षा हुने, खास प्रकृयाबाट छानिएका प्रश्नमा विद्यार्थीले लिखित परीक्षा दिने, तोकिएको विषयमा मात्र मौखिक तथा प्रयोगात्मक परीक्षा हुने, विद्यार्थीहरू उत्तीर्ण, अनुत्तीर्णको घोषणा गरिने भएकोले निर्णयात्मक मूल्याङ्कन औपचारिक प्रकृतिको हुन्छ । विद्यालय शिक्षाको सन्दर्भमा निर्णयात्मक मूल्याङ्कनलाई नै विद्यार्थी मूल्याङ्कनको पर्यायको रूपमा लिने प्रचलन रही आएको छ । तर हिजो आज निर्माणात्मक/सुधारात्मक उद्देश्यले गरिने विद्यार्थी मूल्याङ्कनले प्राथमिकता पाउन थालेको छ । शिक्षण सिकाइ प्रकृयालाई प्रभावकारी बनाउन र पाठ्यक्रमले लक्ष्य गरेको सिकाइ उद्देश्यहरू विद्यार्थीमा पूरा गराउन निरन्तर रूपमा गरिने मूल्याङ्कन निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन हो । त्यसैले यस मूल्याङ्कनलाई सरल भाषामा अवलोकन आदि माध्यमबाट विद्यार्थीको व्यवहारमा आएको परिवर्तनलाई हेरी निरन्तर मूल्याङ्कन गर्न सकिन्छ । विद्यार्थीको निरन्तर मूल्याङ्कन मूलतः कक्षा कोठाबाटै हुन्छ । कक्षाकार्य गराउँदा विद्यार्थीका क्रियाकलापमा शिक्षकले विशेष ध्यान दिइरहनु पर्दछ । अतः निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिमा विद्यार्थीको मूल्याङ्कनका लागि कक्षाभित्र या बाहिर गरिने शिक्षण सिकाइ सम्बन्धी क्रियाकलाप नै मूल आधार हो । समग्रमा भन्नु पर्दा शिक्षण सिकाइको क्रममा कुनै पनि वेला सरल एवं उपयोगी प्रकृयाबाट गरिने मूल्याङ्कन नै निरन्तर विद्यार्थी मूल्याङ्कन हो । यसमा विद्यार्थीलाई तत्कालै आवश्यक सुझाव दिने, सुधार गर्ने र आवश्यकता अनुसार थप सहयोग गरिन्छ । यसमा आवश्यकता अनुसार उपचारात्मक शिक्षण सिकाइ पद्धति समेत अपनाउने गरिन्छ जसले गर्दा विद्यार्थीको व्यवहारमा सुधार हुँदै जाने तथा अपेक्षित व्यवहार निर्माण हुँदै जाने गर्दछ ।

निरन्तर विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य प्रभावकारी शिक्षण सिकाइका माध्यमबाट विद्यार्थीमा अपेक्षित सिकाइ उपलब्धि हासिल गराउनु हो । समग्रमा निरन्तर विद्यार्थी मूल्याङ्कनको आवश्यकताहरूमा विद्यार्थीको प्रभावकारी सिकाइ र कार्य व्यवहारमा सहयोग पुऱ्याउनु, सिकाइ स्तर कम भएका विद्यार्थीलाई सुधारात्मक शिक्षण गर्नु, विद्यार्थीहरूमा पाठ्यक्रमले निर्धारण गरेका ज्ञान, सिप र व्यवहारलाई दिगो रूपमा स्थापित गर्नु, विद्यार्थीको सही मूल्याङ्कन निरन्तर र सहजतापूर्वक गर्नु, तह पूरा गर्ने दर र सिकाइ उपलब्धि स्तरमा वृद्धि गर्नु, बालमैत्री सिकाइ र मूल्याङ्कनको वातावरण बनाउनु, विद्यार्थी मूल्याङ्कनका लागि आवश्यक हुने अतिरिक्त समय र स्रोतको वचत गर्नु, विद्यार्थीलाई मूल्याङ्कनप्रति उत्साहित गर्नु, विद्यार्थी बीचको वैयक्तिक भिन्नताहरू पत्ता लगाई सिकाइमा सुधार गर्नु, विद्यार्थीलाई नियमित उपस्थितिमा उत्साहित गर्नु, कक्षा छाड्ने र दोहोऱ्याउने दर कम गर्नु आदि रहेको छ ।

नेपालको सन्दर्भमा पनि निरन्तर विद्यार्थी मूल्याङ्कनको आवश्यकता दिन प्रतिदिन खड्किँदै गइरहेको छ । आधारभूत शिक्षाका सिकाइ बालमैत्री हुन नसकेकोले विशेषतः तल्ला कक्षामा कक्षा दोहोऱ्याउने र बीचैमा पढाइ छाड्ने विद्यार्थीहरूको सङ्ख्या अधिक रहने गरेको छ । परिणाम स्वरूप तोकिएको समयभन्दा ढिलो र थोरै विद्यार्थीले मात्र तह पूरा गर्ने गरेका छन् । विद्यार्थीको निरन्तर मूल्याङ्कन गरेर उपचारात्मक शिक्षण सिकाइ प्रकृयाबाट मात्र यस प्रकारको क्षतिलाई नियन्त्रण गर्न सकिन्छ । यसै दृष्टिकोणबाट नेपाल सरकार शिक्षा मन्त्रालयले हाल आधारभूत शिक्षाको कक्षा १-७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन लागू गरेको छ । आगामी शैक्षिक सत्रदेखि आधारभूत तहको कक्षा ७ सम्म लागू गर्दै जाने नीति लिएको छ ।

## १.२ समस्याको कथन

नेपालका केही जिल्लाहरूमा निरन्तर विद्यार्थी मूल्याङ्कन लागू गर्ने क्रममा झापा जिल्लाको बाहुण्डाँगी गाउँ विकास समिति अन्तर्गतका १३ वटा सरकारी विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन लागू भइरहेको छ । निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन तहमा सहभागी विभिन्न सरोकारवाला मध्ये शिक्षकवर्ग प्रमुख रूपमा रहेका छन् । निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन पुस्तिका (२०६८) मा शिक्षकको

भूमिकालाई सैद्धान्तिक रूपमा स्पष्ट व्याख्या गरिएको भएता पनि व्यवहारमा मूल्याङ्कनका पाँचवटा आधारहरू (गृहकार्य, परियोजना कार्य, कक्षाकार्य, व्यवहार परिवर्तन, हाजिरी) को बारेमा के कसरी मूल्याङ्कन गर्ने भन्ने सवालमा शिक्षकहरू स्पष्ट नहुनु, रेजा र शिक्षण सिकाइ क्रियाकलापलाई समानान्तर रूपमा अगाडि बढाउन नसक्नु आदि समस्याहरू टड्कारो रूपमा रहेका छन् ।

विद्यालयका कार्यान्वयन तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली सम्बन्धी अन्योलको स्थिति छ । लिखित परीक्षा प्रणालीलाई नै मूल्याङ्कनको प्रमुख आधार मानी आएकोले विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गर्न अप्ठेरो स्थिति देखा परेको छ । सबै शिक्षकहरूमा मूल्याङ्कन गर्ने परिपाटीमा एकरूपता नआएको स्थिति छ । निरन्तर मूल्याङ्कन धेरै विद्यार्थी भएका कक्षामा झन्झटिलो पनि देखिएको छ ।

## १.३ अध्ययनको औचित्य

पाठ्यक्रम योजना र अभ्यासका अनुसार मानव जीवनको हरेक पक्षमा परिवर्तनले प्रभाव पारेको हुन्छ । अर्को शब्दमा भन्ने हो भने मानव जीवन परिवर्तनशील हुन्छ । व्यक्तिको प्रवृत्ति, रुचि, तथा वौद्धिक विकासमा परिवर्तन आइरहेको छ । सामाजिक, सांस्कृतिक संरचना, मूल्य र मान्यतामा परिवर्तन आइरहेका छन् । यी परिवर्तनका कारणले मानव जीवन र समाजमा विभिन्न किसिमका समस्या देखा पर्दैछन् । जस्तै आर्थिक समस्या, आय आर्जनको समस्या, जातीय, लैङ्गिक, वर्ण आदिका समस्या, लागू औषधिको समस्या, यौन समस्या, लैङ्गिक समस्या आदि । यी समस्या मध्ये कुनै व्यक्तिगत र कुनै सामाजिक समस्या होलान् । जे भए पनि यी समस्या दैनिक जीवनका समस्या हुन् ।

यस्ता समस्या समाधान गरी अगाडि बढ्न शिक्षाले विद्यार्थीलाई क्षमता प्रदान गर्न सक्नु पर्दछ । तव मात्र शिक्षा जीवनसँग सान्दर्भिक बन्न सक्छ । सिकारुलाई ध्यानमा राखेर पाठ्यक्रम निर्माण गर्नु जीवनसँग सान्दर्भिकता हुन जान्छ ।

पाठ्यक्रमलाई जतिसुकै प्रभावकारी रूपमा निर्माण गरेता पनि यसको कार्यान्वयन तहमा फितलोपन आयो भने योजना निरर्थक भएर जान्छ । त्यसकारण शिक्षालाई समय सापेक्षित, सिकारु र समकालिक समाजको आवश्यकता पूरा गर्न सक्ने बनाउन कार्यान्वयन तहमा सबै सरोकारवालाहरूले आ-आफ्नो भूमिका इमान्दारीपूर्वक निर्वाह गर्न जरुरी छ ।

वर्तमान शिक्षा प्रणालीलाई सिकारुको जीवन सापेक्षित वनाउनको लागि शिक्षाको आन्तरिक र बाह्य दक्षतामा वृद्धि गर्नको लागि मूल्याङ्कन प्रणालीमा पनि सुधार गर्नु पर्ने वर्तमान अवधारणा अनुसार निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नुपर्ने, जसमा बालबालिकाले सिकाइमा भएका गल्ति कमजोरी सच्याएर सुधारात्मक शिक्षण सिकाइ क्रियाकलापमा जोड दिइएको पाइन्छ । लिखित परीक्षा या निर्णयात्मक मूल्याङ्कनले मात्र विद्यार्थीमा भएका सबै प्रतिभा र क्षमता जाँच गर्न सकिँदैन । त्यसकारण निरन्तर मूल्याङ्कनबाट प्रतिभाको विकास गर्न, कमजोरी सच्याउने र सकारात्मक र नकारात्मक पक्षको लेखाजोखा गर्दै शिक्षालाई जीवन र समाजको आवश्यकता अनुसार सान्दर्भिक बनाउँदै लैजाने नीति लिइएको छ ।

शिक्षाको गुणस्तरको लागि शिक्षक व्यवस्थापन र शिक्षक तालिमको व्यवस्था सरकारले गरेको छ । तथापि आशातीत उपलब्धि हासिल हुन सकिरहेको छैन । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयन विषयक यो अध्ययनले निम्न अनुसारको औचित्य राखेको छ ।

यस अध्ययनले निरन्तर विद्यार्थी मूल्याङ्कनको अवधारणा, नीति, प्रकृया  अध्ययनले सरोकारवालाहरूले के कति मात्रमा आ-आफ्नो भूमिका निर्वाह गरेका छन् सो बारे जानकारी (सूचना) प्रदान गर्नेछ । यस अध्ययनले निरन्तर विद्यार्थी मूल्याङ्कनमा आइपरेका समस्या पहिचान गरी ती समस्या समाधानका लागि सरोकारवाला सबैलाई सुझाव पेश गर्नेछ । यस अध्ययनले सरोकारवालाका राम्रा र नराम्रा प्राप्तिलाई उल्लेख गरी सकारात्मक पक्षको प्रोत्साहन र नकारात्मक पक्षको सुधारका उपाय पत्ता लगाउनेछ ।

## १.४ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनमा निम्न अनुसारका उद्देश्यहरू रहेका छन् :

१) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयनमा सरोकारवालाको भूमिका पहिचान गर्ने,

२) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयनमा प्रभाव पार्ने तत्वहरू खोजी गर्ने,

३) निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यन्वयमा आईपरेका समस्या पत्ता लगाउने

४) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयनमा देखा परेका समस्याका समाधानका उपायहरू प्रस्तुत गर्ने ।

## १.५. अनुसन्धानात्मक प्रश्न

प्रस्तुत अध्ययनमा निम्न अनुसारका अनुसन्धानात्मक प्रश्नको उत्तर खोजिनेछः

१) के विद्यालयका सरोकारवाला मध्ये अभिभावक, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक तथा शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनका लागि आ-आफ्नो भूमिका इमान्दारीपूर्वक निर्वाह गरिरहेका छन् ?

२) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयनमा के कस्ता समस्या छन् ?

३) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली सफल पार्ने उपयाहरू के के हुन् ?

## १.६. अध्ययनको परिसीमा

अनुसन्धानकर्ताको समय, स्रोत तथा साधनको अभाव र अन्य वाध्यताका कारणले ठूलो जनसङ्ख्यामा अध्ययन गर्न असमर्थ हुने भएकाले निश्चित भौगोलिक सीमा जनसङ्ख्यामा यो अध्ययन सीमित गरिएको छ । अत : यस अध्ययनका सीमाहरूलाई निम्न अनुसार राखिएको छ :

यो अध्ययन झापा जिल्लाको वाहुण्डाँगी गाउँ विकास समिति र यसमा सञ्चलित १३ वटा सरकारी विद्यालय मध्ये तीन वटा विद्यायलका प्राथमिक तहमा सीमित गरिएको छ । यस अध्ययनमा विद्यालयका स्थानीय सरोकारवालाहरूमध्ये गाउँ शिक्षा समितिको भूमिकालाई अध्ययनको कार्यान्वयन तहमा समावेश गरिएको छैन । यस अध्ययनमा

उद्देश्य अनुसार सम्बन्धित नमुना विद्यालयका (कक्षा ३ सम्मका) विद्यार्थीको अङ्ग्रेजी विषयको प्रगति अभिलेखको अध्ययन गरिएको छ । अध्ययनका लागि छनोट भएका ३ वटा विद्यालयबाट एक/एक जना विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, २०६ जना अभिभावक, ९ जना शिक्षक तथा ३ जना प्रधानाध्यापक गरी उत्तरदाताको रूपमा जम्मा २२४ जना जनसङ्ख्या समावेश गरिएको छ । निजी विद्यालयहरू र यिनका सरोकारवालाहरूलाई यसमा समावेश गरिएको छैन ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

कोइराला र श्रेष्ठ (संरचनात्मक धारणा पेज नं. ४७ र ४८) का अनुसार संघसंस्थाको संरचना के कस्तो छ ? त्यसमा पनि व्यवस्थापन निर्भर गर्दछ । निकै ठूलो संघसंस्था छ भने केन्द्रदेखि क्षेत्र, जिल्ला र गाउँसम्म संरचनाबीच नियमित सम्पर्क, सम्बन्ध र सञ्चार प्रभावकारी हुन आवश्यक हुन्छ । प्रभावकारी सञ्चारको अभावले नीति निर्माण, कार्यान्वयन, नियन्त्रण, समन्वय गर्न समेत समस्या पर्दछ । व्यवस्थापनले ठूलो संरचनामा प्रभावकारी रेखदेख गर्न सक्दैन । नत मध्यम र निम्न तहका व्यवस्थापकबीच सुमधुर सम्बन्ध कायम गर्न नै सक्छ । तल्ला तह र माथिल्ला तहबीच सम्पर्क विच्छेद भएमा तल्ला निकाय आफ्नै ढङ्गले सञ्चालन हुन थाल्दछन् । लामो सङ्गठनात्मक स्थिति भएमा तल्ला तहका कर्मचारीको बारेमा लेखाजोखा गर्न कठिनाइ उत्पन्न हुन्छ । सङ्गठनको निश्चित नियम, कानून र संरचना हुनुपर्छ । जति धेरै सङ्गठनको लक्ष्य र उद्देश्य फराकिलो हुँदै गयो त्यतिकै मात्रमा संरचना समेत फैलँदै जान्छ । विभिन्न आधारमा विभाग, शाखा, प्रशाखा, उपशाखा आदि बन्दछन् जसबाट सङ्गठन फराकिलो बन्दै जान्छ । कार्यको जिम्मेवारी निर्धारण गर्ने तथा स्तर तोक्ने जस्ता कार्यहरू सङ्गठनमा नियमित गरिन्छ । Max Webber र Talcot Parson ले समेत यस संरचनात्मक धारणालाई जोड दिएका छन् ।

Talcot Parson ले विद्यालय पद्दतिलाई प्राविधिक (शिक्षा र शिक्षण), व्यवस्थापकीय कार्य (प्रशासक र स्थलगत - जिल्ला, विद्यालय र वडा) र जिल्ला शिक्षा समिति रहेको प्रणालीगत सङ्गठनको रूपमा उल्लेख गरेका छन् ।

यसमा सङ्गठन र व्यवस्थापन कार्यको विशिष्टीकरणलाई जोड दिइन्छ । यहाँ कार्यले संरचनाको निर्माण गर्दछ भने संरचनाले कार्यको माग गर्दछ । पशुपालनको युगमा गोठाला बस्ने व्यक्ति इन्टरनेटको युगमा आएर उसले आफ्नो कार्यमा आमूल रूपमा

संरचनात्मक परिवर्तन गर्दछ । यहाँ व्यक्तिको कार्य बोझको आधारमा समेत नयाँ नयाँ संरचना थप हुँदै जान्छ ।

यहाँ कार्य विभाजन निश्चित आधारमा गरिनुपर्छ । अधिकार र कर्तव्य निश्चित आधारमा गरिनुपर्छ । यस क्रममा योजना, सङ्गठन, निर्देशन, नियन्त्रण जस्ता कार्यहरू निरन्तर रूपमा सञ्चालन गरिन्छ । कार्य व्यवस्थित गर्दा व्यक्तिको योग्यता, क्षमता र दक्षताको समेत ख्याल गरिन्छ । विभिन्न प्रकारको समूह निर्माण गर्ने कार्यमा समेत निश्चित आधारमा गरिन्छ । व्यापार व्यवसायमा उत्पादन, बिक्री वितरण आदिको आधारमा संरचना तयार गरिन्छ ।

सङ्गठनको कार्य क्षेत्रको आधारमा समेत संरचना तयार गरिन्छ । यसरी प्रभावकारी व्यवस्थापन त्यसको प्रभावकारी व्यवस्थापन र संरचनामा निर्भर गर्दछ । ठीक ठाँउमा, ठीक मात्रामा, उचित सङ्ख्यामा कर्मचारीको व्यवस्था गर्नुपर्दछ जसबाट कोहीले धेरै समय काम गर्नुपर्ने जस्तो समस्या नआओस् । त्यस्तै गरी ओभरटाइम काम गर्ने प्रवृत्ति सङ्गठनमा जन्मन सक्छ । यो स्थिति सङ्गठनको राम्रो लक्षण होइन ।

संरचनाको व्यवस्था प्रभावकारी सूचना सञ्चार र नियन्त्रण गर्न समेत गरिएको हुन्छ । केन्द्रीय तहदेखि स्थानीय तहसम्मको प्रभावकारी समन्वयनको लागि प्रभावकारी संरचना निर्माण गर्नु पर्दछ ।

केन्द्रीय व्यवस्थापकले स्थानीय तहसम्मको मूल्याङ्कन र अवलोकन गर्न सक्दैन । उसले नीति निर्माणमा बढी समय खट्नुपर्ने हुन्छ । स्थानीय व्यवस्थापकको समेत व्यवस्था गरी व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउनुपर्ने हुन्छ । कतिपय निर्णय गर्न, समस्या समाधानको कार्यमा तरलता ल्याउन समेत उपयुक्त संरचना आवश्यक हुन्छ । माथिल्लो र तल्लो तहको व्यवस्थापकबीच समन्वय र सम्बन्ध कायम गर्न मझौला व्यवस्थापकको समेत व्यवस्था गर्नुपर्दछ । कतिपय वित्तीय कार्य गर्न सजिलो पार्न समेत संरचना आवश्यक पर्दछ । संरचनाको आधारमा मूल्याङ्कन गर्न सजिलो हुन्छ । यदि लामो संरचनात्मक श्रृङ्खला भएको अवस्थामा संरचनालाई विभाजन गर्नु पनि

आवश्यक हुन्छ । कर्मचारीको मूल्याङ्कन गर्न समेत व्यवस्थित संरचनाले सहयोग पुग्दछ । प्रभावकारी संरचनाले आफूले गर्नुपर्ने कार्यक्षेत्र स्पष्ट भएकाले अन्योल हटाइदिन्छ ।

यसरी प्रभावकारी व्यवस्थापनको लागि प्रभावकारी संरचनाको व्यवस्था आवश्यक हुन्छ भन्ने कुरा समेत व्यवस्थापकले ख्याल गर्नुपर्दछ ।

गौतम (संरचनात्मक प्रकार्यवाद, २०६३, पेज नं.९७ - १००) का अनुसार कुनै वस्तुको बाहिरी स्वरूप वा बनावटलाई संरचना भनिन्छ । जीव रचनाको बाह्य आकारलाई जैविक संरचना भनिन्छ । संरचना संधै व्यवस्थित रूपमा रहन्छ । संरचना एक बाहिरी आकृति हो । यसको निर्माणका अनेक तत्त्वहरू अथवा एकाइको सहयोग मेल र प्रकार्यात्मक सम्बन्धबाट हुन्छ । रचना वास्तवमा विभिन्न भाग वा एकाई मिलेर बनेको बाह्य स्वरूप हो । जसरी एउटा मेशिन विभिन्न पाटपूर्जाहरू मिलेर बनेको हुन्छ; मानव शरीर कोष, तन्तु र अङ्ग मिलेर बनेको हुन्छ; त्यसरी नै समाज पनि विभिन्न प्रकारका सामाजिक एकाई मिलेर बनेको हुन्छ । Radcliffe Brown भन्दछन्- “म सामाजिक संरचना शब्दको प्रयोग वास्तविक रूपमा अस्तित्वमा रहेको सम्बन्धहरूको जाल स्पष्ट पार्नको लागि गर्दछु ।” यही संरचनाका हरेक तत्त्वहरू संरचनालाई निरन्तरता दिन अथवा स्थिर राख्नका लागि निर्वाह गर्ने भूमिका प्रकार्य हो । यस्तो प्रकार्य संरचनामा मात्र सम्भव हुन्छ । संरचनाका एकाईहरूले प्रदर्शन गर्ने प्रकार्यलाई व्याख्या गर्ने या विवेचना गर्ने वाद नै संरचनात्मक प्रकार्यवाद हो । प्रकार्यवादका पिता भनेर August Compte लाई भनिन्छ । त्यसपछिको प्रकार्यवादलाई निरन्तरता दिने समाजशास्त्रीहरू B.K. Malinowski, Emile Durkheim, Radcliffe Brown, R.K. Mertan, Talcot Parson, Nicolas Lundman हुन् ।

संरचनात्मक प्रकार्यवादका प्रतिपादक Radcliffe Brown हुन् । उनका अनुसार सामजिक संरचनाको अवधारणाले एक प्रकारको ठूलो समग्रतामा परस्परमा जोडिएका भागहरू वा संघटकहरूको व्यवस्थालाई सन्दर्भित गर्दछ । सामाजिक संरचनामा अन्तिम घटक वैयक्तिक रूपमा मानव हो । संरचनामा व्यक्तिहरूको परस्पर सम्बन्धमा

नै एक अर्काको संयोजन रहन्छ । सामाजिक जीवनको संरचनात्मक रूपलाई हेर्नको लागि सबैभन्दा पहिले सवै प्रकारका सामाजिक समूहहरूको अस्तित्वलाई हेर्नुपर्दछ र सो समूहको आन्तरिक संरचनात्मक व्यवस्थाको जाँच गर्नु पर्दछ । सामाजिक सङ्गठन २ वा २ भन्दा धेरै व्यक्तिहरूको क्रियाकलापको संयोजन हो, जो एकीकृत सम्मिलित क्रियाकलापहरूको सम्पादानका लागि समायोजित हुन्छ ।

Radcliffe Brown का Theory मा रहेका प्रमुख कुराहरू यस प्रकार छन् :

क) सामाजिक संरचना अन्तर सम्बन्धहरूको प्रतिमान हो ।

ख) सामाजिक संरचनाको एउटा संस्थागत रूप हुन्छ ।

ग) यिनले आफ्नो संरचनाको अवधारणामा प्रकार्यलाई समावेश गरेका छन् । यिनका अनुसार एकाईहरूका बीच पाइने सम्बन्धहरूको यी एकाइहरूका कार्यविधिहरू र तिनीहरूको निरन्तरतामा हुन्छ । अत : यिनका अनुसार प्रकार्यको अभावमा संरचनालाई जान्न सकिँदैन ।

घ) सामाजिक संरचनामा एक गतिशील निरन्तरता हुन्छ ।

यसरी Brown ले सामाजिक व्यवस्था विभिन्न प्रकारका एकाईहरू मिलेर बनेका हुन्छन्, यी एकाईहरूको क्रमवद्ध मेललाई संरचना भनिन्छ र त्यही संरचनामा सम्वद्ध तत्त्वहरूको प्रकार्यको आधारमा व्यवस्था जीवित र निरन्तर रहन्छ भनेका छन् । त्यसैले यो सिद्धान्तलाई Brown को प्रकार्यवाद भनिएको हो ।

यसरी निरन्तर विद्यार्थी मूल्याङ्कन प्रकृया कार्यान्वयनको स्थिति थाहा पाउनको लागि विद्यालय शिक्षा प्रणालीमा वर्तमान अवधारणा अनुसार विद्यालयका सरोकारवालाले के कसरी आ-आफ्नो भूमिका निर्वाह गरेका छन्; त्यसको स्थिति अध्ययन गर्नु जरुरी छ । त्यसकारण विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको स्थिति सुधार हुनको लागि विद्यालय शिक्षा प्रणालीलाई एउटा संरचनाको रूपमा अध्ययन गर्न यसका तत्त्वहरूको रूपमा विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, अभिभावक वर्ग, शिक्षक आदिलाई लिन सकिन्छ । यिनको भूमिकाबाट विद्यालय शिक्षा प्रणाली सञ्चालन भएको हुन्छ । त्यसैले प्रस्तुत झापा जिल्ला वाहुण्डाँगी गाउँ विकास समिति

का १३ वटा सरकारी विद्यालयमध्ये ३ वटा विद्यालयमा सञ्चालित यो निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयनमा सरोकारवालाको भूमिका विषयक अध्ययन संरचनात्मक प्रकार्यवादको सिद्धान्तसँग मेल खान्छ । अतः प्रस्तुत अध्ययन संरचनात्मक प्रकार्यवादसँग सम्बन्धित रहेर गरिएको छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभावकारिता विषयक अध्ययन लेविन (१९४०) को उत्प्रेरणात्मक सिकाइ सिद्धान्त, मास्लोको सिकाइ सिद्धान्त तथा हजवर्गको उत्प्रेरणाका दुईवटा तत्त्वहरू उत्प्रेरक तत्त्व र आरोग्य तत्त्व गरी तीन ओटा सिद्धान्तहरूमा आधारित भएर शोधकर्ताले आफ्नो अनुसन्धान कार्य सम्पन्न गरेको पाइयो । गौतम (२०६८) का अनुसार शिक्षकले कुनै पनि हालतमा भुल्न नहुने कुरा चाहिँ उसले प्रत्येक विद्यार्थीको अवलोकनबाट प्राप्त सूचना तथा अन्य सूचनाहरू नियमित रूपमा टिपोट गर्ने बानी बसाल्नु हो । विद्यार्थीहरूको कार्यसञ्चायिका नै प्रमुख प्रगति विवरण रहने अभिलेख हो । यस्तो अभिलेख विद्यार्थीको कक्षागत फायल खडा गरेर वा विषयगत रूपमा पनि राख्न सकिन्छ ।

## २.२ सम्बन्धित साहित्य पुनरावलोकनको उपदेयता

सम्बन्धित साहित्यको पुनरावलोकनले प्रस्तुत अध्ययन सफल पार्नको लागि निकै उपयोगी सावित भएको छ । यसले सैद्धान्तिक अवधारणालाई फराकिलो पारेको छ । यसले अभिभावकलाई, विद्यालय व्यवस्थापन समितिलाई, प्रधानाध्यापक तथा शिक्षकलाई कार्यान्वयन तहमा आ-आफ्नो भूमिका इमान्दारीपूर्वक निर्वाह गर्न समेत सचेत गराउने छ । साथै निरन्तर विद्यार्थी मूल्याङ्कन सम्वन्धि जिज्ञासु सवैलाई जानकारी वा सूचना दिनेछ । अनुसन्धानका लागि दृष्टिकोण प्रदान गरेको छ । यसले खोजको लागि सही मार्ग र दिशा निर्देश गरेको छ । यसले अनुसन्धानका लागि स्पष्ट निर्देशन दिएको छ ।

# परिच्छेद तीन

# अनुसन्धान विधि

## ३.१ अनुसन्धनात्मक ढाँचा

खनाल तथा मुडवरी (२०६३, पेज नं. ८५ र ८६) का अनुसार अनुसन्धान ढाँचा भन्नाले अनुसन्धान प्रकृयामा दुई वा दुईभन्दा वढी चरहरूबीचको सम्बन्धबारे अध्ययन गरेर वैध निष्कर्षहरू प्राप्त गरी आफूले राखेको परिकल्पनाहरूको परीक्षण गर्न अनुसन्धानकर्तालाई सक्षम बनाउने व्यापक योजना अथवा आधार हो । अर्को शब्दमा अनुसन्धान कार्यमा अगाडि गरिने कार्यहरूको रूपरेखा नै अनुसन्धान ढाँचा हो ।

प्रस्तुत अध्ययन व्यापक पूर्व योजना जस्तै : प्रस्ताव तयारी, तथ्याङ्क सङ्कलन तथा प्रशोधन, शोधपत्र टङ्कन, बजेटिङ्ग आदिको तयारी गरी सम्पन्न गरिएको छ । यसको लागि तथ्याङ्कको प्राथमिक स्रोतको रूपमा प्रश्नावली, कार्यक्षेत्र अध्ययन, अवलोकन तथा छलफललाई लिएको छ भने द्वितीय स्रोतको रूपमा विद्यार्थी हाजिरी, विद्यार्थीहरूको नतिजा, फायललाई प्रयोग गरिएको छ । अध्ययनलाई विश्वसनीय र वैध बनाउनको लागि छलफल प्रश्नोत्तरबाट तथ्याङ्क प्राप्त गरिएको छ । तथ्याङ्कलाई गुणात्मक र सङ्ख्यात्मक प्रक्रियाबाट विश्लेषण गरिएको छ ।

## ३.२ अध्ययनको जनसङ्ख्या तथा नमुना छनोट

प्रस्तुत अध्ययन सम्पन्न गर्नका लागि झापा जिल्ला बाहुण्डाँगी गा.वि.स.का १३ वटा सरकारी विद्यालयहरू मध्ये ३ वटा विद्यालय, सम्बन्धित विद्यालयका व्यवस्थापन समितिका १३ जना अध्यक्षहरू मध्ये ३ जना, त्यस्तै गरेर २०४० अभिभावक मध्ये २०६ जना, १३ जना प्र.अ. मध्ये ३ जना, प्राथमिक तहका १-५ कक्षासम्म अध्यापन गर्ने ९१ शिक्षकहरू मध्ये ९ जना गरी जम्मा २१७० नमुना जनसङ्ख्यामध्ये २२४ जना जनसङ्ख्या अध्ययनको लागि नमुना छनौट गरिएको छ ।

**तालिका १ : नमुनाको आकार**

यस अध्ययनमा प्रयोग गरिएका जनसङ्ख्याको आकारलाई निम्न अनुसार तालिकामा देखाइएको छ :

| क.सं. | विवरण | कुल जनसङ्ख्या | छनोट गरिएका सङ्ख्या | छनौटको तरिका | कैफियत |
|---|---|---|---|---|---|
| १ | विद्यालय | १३ | ३ | गोला प्रथा | |
| २ | अध्यक्ष | १३ | ३ | छलफल | |
| ३ | अभिभावक | २०४० | २०६ | प्रतिशत | १० प्रतिशत |
| ४ | प्रधानाध्यापक | १३ | ३ | टस | |
| ५ | शिक्षक | ९१ | ९ | प्रतिशत | १० प्रतिशत |

(स्रोत : स्थलगत निरिक्षण)

### ३.२.१ नमुना छनोटको प्रकृया

अनुसन्धानकर्ताको साधन, स्रोत र समयको सीमितताका वावजुद यो अध्ययन सम्पन्न गर्नको लागि उद्देश्यात्मक नमुना छनोट विधिको प्रयोग गरी नमुनाको छनोट गरिएको छ ।

## ३.३. तथ्याङ्क सङ्कलनका साधनहरू

प्रस्तुत अध्ययनका उद्देश्य प्राप्त गर्नकोलागि अध्ययनसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गर्न तीन किसिमका साधनहरू प्रश्नावली, अवलोकन र कार्यक्षेत्र अध्ययनको प्रयोग गरिएको छ । ती साधनहरूको वारेमा छोटकरीमा तल परिचय दिइएको छ ।

**प्रश्नावली**

उत्तरदातालाई अध्ययन विषयसँग मिल्ने र अध्ययनको उद्देश्य प्राप्त हुने गरी प्रश्न निर्माण गरेर प्राथमिक तथ्याङ्क प्राप्त या सङ्कलन गरिएको छ ।

**अवलोकन फारम**

नमुना विद्यालयका प्राथमिक तहका बालबालिकाको हाजिरी र नतिजा फारमहरूको अवलोकन गरी तथ्याङ्क सङ्कलन गरिएको छ । प्रश्नावलीबाट विद्यालय व्यवस्थापन समिति, अभिभावक, प्रधानाध्यापक, शिक्षकबाट उत्तर लिइएको छ ।

**कार्यक्षेत्र सर्वेक्षण फारम**

प्रस्तुत अध्ययन सफल पार्नको लागि अध्ययनका साधनको रूपमा कार्यक्षेत्र सर्वेक्षण फारमको प्रयोग गरी अध्ययन क्षेत्रका नमुना विद्यालयको पुस्तकालय, फूलवारी, शौचालय, भवन आदिको बारेमा सूचना लिइएको छ ।

**छलफल**

सम्बन्धित विद्यालयका सबै सरोकारवालासँग निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयनको सवालमा छलफल, अन्तरक्रिया तथा विचार विमर्श गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.४ तथ्याङ्कको स्रोत

कुनै पनि अध्ययनको उद्देश्य हुन्छ । यही उद्देश्य परिपूर्तिका लागि सूचना या तथ्य र तथ्याङ्कको आवश्यकता पर्दछ । प्रस्तुत अध्ययनका लागि यसले राखेका विशिष्ट उद्देश्य प्राप्त गर्न तथ्याङ्क सङ्कलनका लागि प्राथमिक र द्वितीयक दुवै खालका तथ्याङ्क स्रोतको प्रयोग गरिएको छ । तिनीहरूको सामान्य परिचय निम्न अनुसार छ :

**प्राथमिक स्रोत**

यस अध्ययनको उद्देश्यसँग सहयोगी हुने तथ्य र तथ्याङ्क सङ्कलन गर्ने क्रममा शोधकर्ता आफैंले प्रश्नावली, अवलोकन, कार्यक्षेत्रको अध्ययन गरी तथ्य र तथ्याङ्क प्राप्त गरी तथ्य र तथ्याङ्कको प्रथमिक स्रोतको प्रयोग गरिएको छ ।

**द्वितीय स्रोत**

तथ्याङ्क सङ्कलनको प्राथमिक स्रोतको प्रयोगले मात्र अध्ययनको लागि आवश्यक तथ्याङ्कको पूर्ति हुन नसक्ने भएकोले यो शोधलाई पूर्णता दिनको लागि तथ्याङ्कको द्वितीयक स्रोतको पनि आवश्यकता ठानी यसको प्रयोग गरिएको छ । जसमा तथ्याङ्कको द्वितीयक स्रोतको रूपमा विद्यार्थी हाजिरी रजिष्टर, निरन्तर विद्यार्थी मूल्याङ्कन पुस्तिका, स्रोतकेन्द्र प्रोफइल आदिलाई तथ्याङ्कको द्वितीयक स्रोतको रूपमा प्रयोग गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

झापा जिल्लाको बाहुण्डाँगी गाउँ विकास समितिमा सञ्चालित प्रस्तुत अध्ययन सम्पन्न गर्न तथ्याङ्क सङ्कलनका प्रश्नावली, अवलोकन तथा कार्यक्षेत्र अध्ययन जस्ता साधनको प्रयोग गरिएको छ । अनुसन्धानकर्ता आफैं गएर तथ्याङ्क सङ्कलन गरिएको छ । तथ्याङ्क सङ्कलन गर्दा प्रश्नावली र कार्यक्षेत्र सर्वेक्षणलाई तथ्याङ्क सङ्कलनको प्राथमिक साधन तथा १-३ को अङ्ग्रेजी, विषयको नतिजा फारम अवलोकनलाई  तथ्याङ्क सङ्कलनको द्वितीयक साधनको रूपमा प्रयोग गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण विधि

यस अध्ययनमा सङ्कलन गरिएका तथ्याङ्कलाई सरल तथ्याङ्कशास्त्रीय विधि प्रयोग गरी प्रशोधन गरिएको छ । यस अध्ययनमा सङ्कलन गरिएको तथ्याङ्कलाई सङ्ख्यात्मक र गुणात्मक जस्ता सरल तथ्याङ्कशास्त्रीय विधि तयार गरी प्रशोधन गरिएको छ ।

# परिच्छेद चार

# तथ्याङ्कको विश्लेषण तथा व्याख्या

झापा जिल्ला बाहुण्डाँगी गा.वि.स.मा सञ्चालित यो अध्ययन सम्पन्न गर्नका लागि विद्यालय व्यवस्थापन समिति, अभिभावक, प्रधानाध्यापक, शिक्षकसँग भएको प्रश्नोत्तर, छलफल तथा विद्यार्थी हाजिरी र नतिजा अध्ययनबाट प्राप्त तथ्य र तथ्याङ्कको निम्न अनुसार व्याख्या र विश्लेषण गरिएको छ ।

## ४.१ अभिभावकको भूमिकासँग सम्बन्धित तथ्यको व्याख्या विशलेषण

अध्ययन क्षेत्रका विद्यालयका अभिभावकहरूको भेला गरी निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी प्रश्नहरू गरेर छलफलका विषयहरू दिएर प्रश्नोत्तर र छलफल गर्दा धेरैजसो अभिभावकहरूले आफ्ना बालबालिकाहरूलाई नियमित विद्यालय पठाउने गरेको, घरमा पनि लेखपढ गर्ने वातावरण मिलाइदिने गरेको, विद्यार्थी प्रगति विवरण लिन विद्यालय बेलाबेलामा आउने गरेको पाइएको छ । तर केही अभिभावकले भने आफ्ना बालबालिकालाई कहिलेकाहीं मात्र विद्यालय पठाउने गरेको, घरमा काम सघाउन परेकोले लेखपढ गर्ने वातावरण जुटाइदिन नसकेको, आर्थिक अभावका कारण लेखपढ गर्ने सामग्री जुटाइ दिन नसकेको कुरा पनि आएको छ ।

## ४.२ विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूको भूमिकाहरूसँग सम्बन्धित तथ्य र तथ्याङ्कको विश्लेषण

विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूसँग भएको प्रश्नोत्तर र छलफलबाट प्राप्त तथ्यको अध्ययन गर्दा अधिकांशले विद्यालयको निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयन गर्दा आवश्यक पर्ने भौतिक सुविधाको व्यवस्थापन गरिदिएको पाइयो । तर उनीहरूले निरन्तर मूल्याङ्कन सम्बन्धी खोजतलास गर्ने जिम्मेवारी शिक्षक वर्गमा मात्र थुपारेको पाइयो र निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयन सम्बन्धी अभिमुखीकरण कार्यक्रम गर्ने कुरामा पनि चासो नदेखाएको देखिन्छ ।

## ४.३ प्रधानाध्यापकको भूमिकासँग सम्बन्धित तथ्य र तथ्याङ्कको विश्लेषण

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको सवालमा प्रधानाध्यापकहरूसँग प्रश्नोत्तर, छलफल, तथा राय लिंदा धेरै जसो प्रधानाध्यापकहरूले निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने गरेको, विद्यालयको शैक्षिक व्यवस्थापन तथा सूचना प्रणालीमा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई पनि अद्यावधिक गराइराखेको र कार्य सञ्चयिका निरीक्षण गरेको, कक्षा शिक्षणको व्यवस्था गरेको अवस्था देखिएको छ । साथै निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयनमा शिक्षकहरूको महत्त्वपूर्ण जिम्मेवारी रहेको र यसको लागि शिक्षकले इमान्दारीपूर्वक आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने राय पनि व्यक्त गरेको कुरा पाइएको छ । तर केही प्रधानाध्यापकहरूले विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयनमा विविध समस्याका कारणले लागू गर्न नसकेको राय पनि व्यक्त गरेका छन् ।

## ४.४ शिक्षकबाट प्राप्त तथ्य र तथ्याङ्कको विश्लेषण

अध्ययन क्षेत्रका प्राथमिक तहका शिक्षकहरूसँग छलफल तथा प्रश्नोत्तर गर्दा प्रायः शिक्षकहरूले निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा मूल्याङ्कनका विधिहरूमा धेरैले अवलोकन विधि, लिखित परीक्षा, कार्यसञ्चयिका प्रयोग गरेको बताउनुभयो । त्यसपछि मूल्याङ्कनका सहपाठी छलफल, आत्म मूल्याङ्कन र प्रश्नोत्तर विधि पनि प्रयोग गर्ने गरेको पाइएको छ । सबैले रेजाद्वारा नै विद्यार्थीको अभिलेख राख्ने गरेको, निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा कक्षाकार्य गृहकार्य, हाजिरी, सृजनात्मक कार्य, व्यवहार परिवर्तन जस्ता मूल्याङ्कनका ५ वटा आधारहरू प्रयोग गरेको बताएका छन् ।

विद्यार्थीहरूको स्तर अनुसार समूह विभाजन गरी शिक्षण सिकाइ क्रियाकलाप गरेको पनि पाइएको छ र धेरैले सुधारात्मक शिक्षण र पूर्वाज्ञानमा आधारित भएर शिक्षण सिकाइ क्रियाकलाप गर्दा विद्यार्थीहरूको सिकाइ अभिवृद्धि गर्न सजिलो भएको कुरा बताएका छन् । विद्यालयले पर्याप्त मात्रामा निरन्तर मूल्याङ्कन सम्बन्धी सन्दर्भ सामग्री नजुटाइदिएकोले र ४५ मिनटको समयमा २० जनाभन्दा बढी विद्यार्थीको मूल्याङ्कन गर्न कठिन भएको कुरा पनि शिक्षकहरूले व्यक्त गरेका छन् ।

## ४.५ अवलोकनबाट प्राप्त तथ्य र तथ्याङ्कको विश्लेषण

**तालिका २ : विद्यार्थी हाजिरी विवरण** (**कक्षा १-५**)
विद्यालयको नाम : श्री मेची जनसनधारण उच्च मा.वि. बाहुण्डाँगी-६
श्री भानु उच्च मा.वि. बाहुण्डाँगी-४,
श्री सरस्वती मा.वि. बाहुण्डाँगी-२

| क्र. स. | विवरण | जम्मा सङ्ख्या | सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | सधैं हाजिर हुने विद्यार्थी | ५५० | ५०० | ९१ | |
| २ | अलि कम हाजिर हुने विद्यार्थी | ५५० | ४० | ७ | |
| ३ | कहिलेकाहीं मात्र हाजिर हुने विद्यार्थी | ५५० | १० | २ | |
| | जम्मा | | ५५० | १०० | |

(स्रोतः स्थलगत निरीक्षण-२०६८)

माथिको तालिकामा देखाइए अनुसार नमुना विद्यालयको प्राथमिक तह (१-५) मा भएको हाजिरी रजिष्टरको अध्ययन गर्दा जम्मा ५५० विद्यार्थी मध्ये संधै हाजिर हुने विद्यार्थी सङ्ख्या (छात्र/छात्रा) ५०० जना अथवा ९१%, अलि कम हाजिर हुने विद्यार्थी सङ्ख्या ४० जना या ७% तथा कहिलेकाहीं मात्र हाजिर हुने विद्यार्थी सङ्ख्या १० जना या २% रहेको छ ।

**तालिका ३ : विद्यार्थी प्रगति विवरण (कक्षा १-३ अङ्ग्रेजी)**

विद्यालयको नाम : श्री मेची जनसाधारण उच्च मा.वि. बाहुण्डाँगी-६

श्री भानु उच्च मा.वि. बाहुण्डाँगी-४,

श्री सरस्वती मा.वि. बाहुण्डाँगी-२

| क्र. स. | विवरण (प्रतिशतमा) | जम्मा सङ्ख्या | सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | ७० देखि १०० सम्म ('क' श्रेणी) | ४३० | १०० | २३ | |
| २ | ४० देखि ६९ सम्म ('ख' श्रेणी) | ४३० | ३०० | ७० | |
| ३ | ४० भन्दा मुनि ('ग' श्रेणी) | ४३० | ३० | ७ | |
| जम्मा | | | ४३० | १०० | |

(स्रोतः स्थलगत निरीक्षण-२०६८)

माथि प्रस्तुत गरिएको कक्षा १-३ को अङ्ग्रेजी विषयको प्रगति विवरण सम्बन्धी तालिकाको अध्ययन गर्दा जम्मा ४३० विद्यार्थी मध्ये ७०% देखि १००% सम्म या 'क' श्रेणी प्राप्त गर्ने १०० जना अथवा २३%, ४०% देखि ६९% 'ख' श्रेणी ल्याउने ३०० जना वा ७०% र ४०% भन्दा मुनि या 'ग' श्रेणी प्राप्त गर्ने ३० जना या ७% रहेका छन् ।

## ४.६ कार्यक्षेत्र सर्वेक्षण सम्बन्धी तथ्यको विश्लेषण

झापा जिल्ला बाहुण्डाँगी गा.वि.स. का १३ वटा सरकारी विद्यालय मध्ये ३ वटा नमुना विद्यालय (श्री मेची जनसनधारण उच्च माध्यमिक विद्यालय बाहुण्डाँगी-६, श्री भानु उच्च माध्यमिक विद्यालय बाहुण्डाँगी-४, र श्री सरस्वती माध्यमिक विद्यालय बाहुण्डाँगी-२) लाई कार्यक्षेत्र बनाएर स्थलगत सर्वेक्षण गर्दा तीनवटै विद्यालयमा खेलमैदान, पुस्तकालय, फूलवारी, शौचालय, पर्याप्त भवन, शैक्षिक सामग्री, फर्निचर, खानेपानी र विजुली, सूचना तथा संचार सामग्री, यथेष्ट मात्रमा पाइएको छ भने, चमेनागृह, छात्रावास, प्रयोगशाला, स्वस्थ्य उपचार कक्ष नभएको अवस्था देखिएको छ ।

# परिच्छेद पाँच
# निष्कर्ष तथा सुझाव

## ५.१ निष्कर्ष

प्रस्तुत अध्ययनले कार्यान्वयन तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयनमा विद्यालयहरू, व्यवस्थापन समितिका अध्यक्षहरू, अभिभावकहरू, प्रधानाध्यापकहरू तथा शिक्षकहरूले पनि आ-आफ्नो भूमिका इमान्दारीपूर्वक गरेको नै देखाएको छ । धेरैजसो सरोकारवालाहरूले निरन्तर मूल्याङ्कनमा सकारात्मक भूमिका निर्वाह गरेका छन् भने केहीले यस सम्बन्धी चासो नदेखाएको पनि अध्ययनबाट प्राप्त भएको छ ।

विद्यार्थीको नतिजा अध्ययन गर्दा मध्यम स्तरका विद्यार्थी धेरै छन् । हाजिरी अवलोकन गर्दा प्रायः विद्यार्थी नियमित नै देखिन्छन् ।

## ५.२ सुझाव

नीति निर्माण तहले निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयन सम्बन्धि ऐन नियम र नियमावली निर्माण गरी लागू गर्नुपर्ने र त्यसको आधारमा पुरस्कार र दण्डको व्यवस्था गरी लागू गर्नुपर्ने देखिन्छ ।

कार्यान्वयन तहबाट निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको सफल कार्यान्वयनका लागि सन्दर्भ सामग्रीको खोजी गरी अध्ययन अध्यापन गर्नुपर्ने, सेमिनार, गोष्ठि गरी सरोकारवाला बीच निरन्तर मूल्याङ्कन सम्बन्धी छलफल गरी स्पष्ट हुनुपर्ने विद्यालयलाई सुविधा सम्पन्न बनाउनुपर्ने र निर्णय गरेका कुराहरूलाई अनिवार्य रूपमा लागू गर्नुपर्ने देखिन्छ ।

अझै पनि निरन्तर विद्यार्थी मूल्याङ्कन सफल पार्न सरोकारवालको समस्या हल गर्न आवश्यक छ । त्यसको लागि अभिभावक वर्ग तथा विद्यार्थीका समस्या हल गर्न

अनुसन्धानलाई निरन्तरता दिनुपर्ने हुन्छ । अतः यस अध्ययनमा निम्नानुसार सुझाव पेश गरिएको छ ।

### ५.२.१ नीतिगत तह

विद्यालयमा शिक्षकहरूले निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा मूल्याङ्कनका ५ ओटै पाठगत आधारहरूमा समय अभावका कारणले सन्तोषजनक ढङ्गबाट नगरेको तथ्य प्राप्त भएको छ । यसको लागि शिक्षा विभागले विद्यालय अनुगमन गरी शिक्षकहरूको मागलाई ध्यान दिएर एक शिक्षक बराबर ३० जना विद्यार्थी हुने गरी प्राथमिक तहमा शिक्षक दरवन्दीको व्यवस्था गर्नुपर्छ ।

### ५.२.२ कार्यान्वयनन तह

निरन्तर मूल्याङ्कनको सफल कार्यान्वयनको लागि जिल्ला शिक्षा कार्यालयले विद्यालयहरूमा वर्षमा ६ पटकसम्म अनुगमन गरी निष्पक्ष ढङ्गबाट शिक्षक नियुक्ति गर्नुपर्ने, दरवन्दी दिनुपर्ने, सरुवा बढुवाको व्यवस्था मिलाउनु पर्ने साथै राम्रो काम गर्ने शिक्षकलाई पुरस्कारको व्यवस्था गर्नुपर्छ ।

विद्यालय व्यवस्थापन समितिलाई निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको बारेमा के कस्तो भूमिका निर्वाह गर्नुपर्छ भन्ने कुराको जानकारी नभएको हुँदा सम्बन्धितले निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी सामग्रीको खोजी गरी अध्ययन गर्न जरुरी छ । विद्यालयमा छात्रवास, चमेनागृह, औषधी उपचार कक्ष व्यवस्था गर्नुपर्ने पनि देखिन्छ । प्रधानाध्यापकहरूले विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । त्यस्तै गरेर प्रधानाध्यापकले कम्तीमा महिनाको १ पटक कक्षा अनुगमन गर्नु पनि आवश्यक छ ।

कक्षामा शिक्षण सिकाइ क्रियाकलाप गर्दा विद्यार्थीको उद्देश्य अनुरूप व्यवहार परिवर्तन नआएमा त्यस पाठलाई पुनः शिक्षण सिकाइ क्रियाकलाप गरी विद्यार्थीहरूको अपेक्षित व्यवहार परिवर्तन गर्नुपर्ने देखिन्छ । सवै शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी सामग्रीको खोज गरी अध्ययन गर्नु जरुरी छ । निरन्तर विद्यार्थी मूल्याङ्कन

गर्दा मूल्याङ्कनका सवै पाठगत आधारहरूमा सोही पाठ भोलिपल्ट समेत गरेर भएता पनि सन्तोषजनक ढङ्गबाट मूल्याङ्कन गर्नु पर्ने देखिन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कनको सफल कार्यान्वयनबाट 'ख' श्रेणीमा उत्तीर्ण हुनेलाई 'क' मा उत्तीर्ण हुने सक्षमताको विकास गर्नु पर्ने देखिन्छ । 'ग' श्रेणीमा कक्षामा उत्तीर्ण हुनेलाई शिक्षण सिकाइ क्रियाकलाप गर्दा बढी ध्यान दिनुपर्ने देखिन्छ ।

अभिभावकले आफ्ना बालबालिका विद्यालयमा नियमित हाजिर भए नभएको विद्यालयमा गएर जानकारी लिनु अति आवश्यक छ । अभिभावकले आफ्ना बालबच्चालाई घरमा लेखपढ गर भन्दा अटेर गरेको तथ्याङ्कले देखाएकोले ती बालबालिकालाई त्यसको कारण पत्ता लगाएर घरमा पनि अध्ययन गर्न नियमित वनाउनु पर्ने देखिन्छ ।

### ५.२.३ अनुसन्धान तह

विद्यालय एउटा संरचना हो । यसका विभिन्न भागहरू भनेका सरोकारवालाहरू हुन् । विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रभावकारिता थाहा पाउनका लागि सरोकारवालाहरूले के कसरी भूमिका निर्वाह गरिरहेछन् त्यसको बारेमा सूचना प्राप्त गर्नु जरुरी छ । त्यसकारण अनुसन्धान तहबाट विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको प्रभावकारिता अध्ययन गर्न सरोकारवालाहरूले निभाइरहेको भूमिका तथा शैक्षिक प्रगतिको अध्ययन गर्नु पर्दछ ।

# सन्दर्भग्रन्थसूची


अर्लिचाइल्डहुड एजुकेशन सेन्टर प्रा.लि. (२०६६) स्कुल सुधार्ने नयाँ उपक्रम, ललितपुर, अर्लिचाइल्डहुड एजुकेशन सेन्टर प्रा.लि. ।

आचार्य, वलराम (२०६३), अनुसन्धान पद्धति तथा प्रतिवेदन लेखन, काठ्माण्डौं, नेशनल वुक सेन्टर।

कट्टेल, वालचन्द्र (२०६६), पाठ्यक्रम अध्ययन, किर्तिपुर, न्यू हिरा वुक्स इन्टरप्राईजेज,।

काफ्ले, वासुदेव, श्रेष्ठ चन्द्रवहादुर र सिन्हा, रामस्वरुप (२०६४), काठ्माण्डौं, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

कोईराला, विश्वनाथ र श्रेष्ठ चन्द्रवहादुर (२०६४), शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार ।

खनाल, श्रीप्रसाद र मुडवारी नवराज (२०६३), शैक्षिक अनुसन्धान पद्धति, किर्तिपुर जुपिटर प्रकाशन तथा वितरण प्रणाली,।

खनाल, पेशल (२०६५), शैक्षिक अनुसन्धान पद्धति, सनलाईट पव्लिकेशन एण्ड डिस्ट्रव्युटर ।

गौतम, चेतनाथ (२०६८), के हो निरन्तर मूल्याङ्कन ।

गौतम, टिकाराम (२०६३), संस्कृतिको सैद्धन्तिक ढाँचा, काठ्माण्डौं, विद्यार्थी पुस्तक भण्डार ।

ज.व.रा., स्वयं प्रकाश, श्रेष्ठ, चन्द्रवहादुर र रंजितकार, किरणराम (२०६५), काठ्माण्डौं पाठ्यक्रम योजना र अभ्यास, विद्यार्थी पुस्तक भण्डार भोटाहिटी, ।

तिमल्सिना, विनोदखण्ड र पोखरेल, टिकाराम (२०६४), स्टुडेण्ट बुक्स पव्लिकेशनएण्ड डिस्ट्रिव्युटर्स ।

श्री मेची जनसाधारण उच्च माध्यमिक विद्यालय, श्री भानु उच्च माध्यमिक विद्यालय र श्री सरस्वती माध्यमिक विद्यालयका विद्यार्थी हाजिरी रजिष्टर (२०६८), हाजिरी सम्बन्धी अभिलेख ।

श्री मेची जनसाधारण उच्च माध्यमिक विद्यालय, श्री भानु उच्च माध्यमिक विद्यालय र श्री सरस्वती माध्यमिक विद्यालयका नतिजा विश्लेषण फारम (२०६८), प्रगति सम्बन्धी अभिलेख ।

पाठ्यक्रम विकास केन्द्र, (२०६८) निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यन्वयन पुस्तिका, सानो ठिमी, भक्तपुर, पाठ्यक्रम विकास केन्द्र, ।

पाठ्यक्रम विकास केन्द्र, (२०६३) राष्ट्रिय पाठ्यक्रम प्रारुप, सानो ठिमी, भक्तपुर,

पाठ्यक्रम विकास केन्द्र ।

फूयल, दामोदर (२०६५) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रभावकारिता, दामोदर, फूयल, सुकुना वहुमुखी क्यम्पस ।

बाहुण्डाँगी समाज काठ्माण्डौ (२०६३), बाहुण्डाँगीको सेरोफेरो, काठ्माण्डौ, बाहुण्डाँगी समाज केन्द्रिय समिति ।

भट्ट, टी.आर. र तिमल्सिना वी.के. (२०५८-२०६५), त्रि.वि. प्रश्नोत्तर संगालो, किर्तिपुर काठ्माण्डौं, ज्ञानकुञ्ज प्रकाशन,।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६६), शिक्षकको पेशागत विकास कार्यक्रम कार्यन्वयन पुस्तिका, सानो ठिमी भक्तपुर, शैक्षिक जनशक्ति विकास केन्द्र।

# निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयन

## अनुसूची १

## अभिभावककालागि सोधिएको प्रश्नावली

अभिभावकको नामः.......................................................

विद्यालयः ...................................................................

**कृपया आपूसँग मिल्ने उत्तरमा (√ ) दिनुहोस् ।**

१. यहाँले आफ्ना छोराछोरीलाई नियमित रुपले विद्यालय पठाउने गर्नु भएको छ ?

क) नियमित पठाउने गरेको छ ।

ख) नियमित पठाउने गरेको छैन ।

ग) धेरै जसो वाटामा अल्मलिन्छन् ।

२. यहाँले आफ्ना छोराछोरीकालागि आवश्यकता अनुसार पढाई लेखाईका सामाग्री जुटाईदिने गर्नु भएको छ ?

क) जुटाईदिन गरेको छ ।

ख) छैन, आर्थिक कठिनाई छ ।

ग) हराएर आउँछन् ।

३. यहाँले आफ्ना छोराछोरीको विद्यालयमा गएर उनीहरुको सिकाई उपलब्धि वारे जानकारी लिने गर्नु भएको छ ।

क) छ । ख) छैन । ग) विद्यालयले जानकारी दिदैंन ।

४. आफ्ना छोराछोरीकालागि यहाँले घरमा लेख्पढ् गर्ने वातावरण तयार गरिदिनु हुन्छ ?

क) गरिदिने गरेको छ ।

ख) छैन / घरकाज गर्नु पर्छ ।

ग) भनेको मान्दैन ।

५. आफ्ना छोराछोरीलाई विद्यालय खुल्ने सबै दिन विद्यालय पठाउने गर्नु भएको छ ? छैन भने किन ?

**'सहयोगकोलागि धन्यवाद'**

# अनुसूची २

## विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुकालागि सोधिएको प्रश्नावली

अध्यक्षको नाम.............................................................

विद्यालयको नाम ....................................................................

**कृपया आफू संग मिल्ने उत्तरमा रेजा (√ ) दिनुहोस् ।**

१.यहाँले आफ्नो विद्यालयमा तथ्याङ्क अद्यवधिक गराई राख्न लगाउनु भएको छ ?

क) गरेको छ । ख) गर्न लगाउने गरेको छैन । ग) मलाई थाहा छैन ।

२. शिक्षाको गुणस्तरकोलागि यहाँले शिक्षक अभिभावक संघको गठन गर्नु भएको छ ?

क) छ । ख) छैन । ग) विघटन भएको छ ।

३. विद्यार्थीको शैक्षिक प्रगति र निरन्तर मूल्याङ्कनको वारेमा यहाँले जानकारी लिने गर्नु भएको छ ?

क) लिने गरेको छु । ख) लिने गरेको छैन । ग) यो त शिक्षकको काम हो ।

४. यहाँले निरन्तर विद्यार्थी मूल्याङ्कनको महत्वको वारेमा सम्वन्धित सरोकारवालासंग छलफल र वहस गर्ने गर्नु भएको छ ?

क) छ । ख) छैन । ग) सरोकारवलाहरुको उपस्थिती न्यूनछ ।

५. यहाँले अभिभावकसंग बैठक वसी निरन्तर विद्यार्थी मूल्याङ्कनको वारेमा पृष्ठपोषण दिने गर्नु भएको छ ?

क) छ । ख) छैन । ग) मलाई थाहा छैन ।

६. यहाँले विद्यालयमा भौतिक व्यवस्थापनकोलागि शिक्षक, अभिभावक र प्र.अ. संग छलफल गर्ने गर्नु भएको छ ? छैन भने किन ?

७. यहाँले प्राथमिक कक्षामा निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धि सामाग्री शत्रको शुरुमा व्यवस्थापन गरिदिने गर्नु भएको छ ?

८. यहाँले शिक्षक तालिमकोलागि सम्वन्धित कार्यलयमा माग गरिदिने गर्नु भएको छ ? छैन भने किन ?

**'सहयोगकोलागि धन्यवाद'**

# अनुसूची ३

## प्रधानाध्यापककोलागि सोधिएको प्रश्नावली

प्र.अ. को नाम ..................................................................

विद्यालय ..........................................................................

**कृपया आफू र आफ्नो विद्यालयसंग मिल्ने उत्तरमा (√ ) दिनुहोस् ।**

१. निरन्तर विद्यार्थी मूल्याङ्कनको वारेमा यहाँले अभिमूखिकरण कार्यक्रम सञ्चालन गर्ने गर्नु भएको छ ?

क) छ । ख) कार्यक्रम गर्ने अवसर हुँदैन । ग) भ्याईंदैन ।

२. आफ्नो विद्यालयको शैक्षिक व्यवस्थापन तथा सूचना व्यवस्थापन प्रणालीमा निरन्तर विद्यार्थी मूल्याङ्कन अध्यावधि गरी राख्नु भएको छ ?

क) छ । ख) छैन । ग) गर्न लगाउँछु ।

३. विद्यालयको उक्त मूल्याङ्कनको सूचना एक प्रति श्रोत केन्द्रमा पठाउने गर्नु भएका छ ?

क) छ । ख) छैन । ग) श्रोतव्यक्ति आफैं आएर लानु हुन्छ ।

४. शिक्षकले तयार पारेका कार्य सञ्चयीका फायल तथा अन्य अभिलेख दुरुस्त छन् / छैनन् जाँच गर्ने गर्नु भएको छ ? छैन भने किन ?

क) छ । ख) छैन । ग) फुर्सद छैन ।

५. कक्षामा निरन्तर अनुगमन गर्ने गर्नु भएको छ ?

क) छ । ख) छैन । ग) कहिले काहीं ।

६. यहाँले विद्यालयमा कति कक्षा सम्म कक्षा शिक्षकको व्यवस्था गरिदिनु भएको छ ?

क) कक्षा १ र २ मा ग) कक्षा १-३ मा । ख) कक्षा शिक्षकको व्यवस्था छैन ।

७. निरन्तर विद्यार्थी मूल्याङ्कनको वारेमा यहाँले सन्दर्भ सामाग्री खोजेर अध्ययन गर्ने गर्नु भएको छ ?

८. निरन्तर विद्यार्थी मूल्याङ्कनमा प्राथमिक शिक्षकको भूमिकाको स्थिती के छ ?

९. शिक्षकको कक्षा अवलोकन गर्ने गर्नु भएको छ ? छैन भने किन

१०. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यन्वयनमा सहजीकरण गर्न शिक्षक मागलाई कत्तिको ध्यान दिने गर्नु भएको छ

# अनुसूची ४

## शिक्षकको लागि सोधिएको प्रश्नावली

शिक्षकको नाम ....................................................................

विद्यालयको नाम....................................................................

कृपया आफू संग मिल्ने उत्तरमा रेजा (√ ) दिनुहोस् ।

१. यहाँले निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा कुन विधीको प्रयोग गर्नुहुन्छ ?

क) अवलोकन ख) प्रश्नोत्तर ग) अभिभावक सम्पर्क प्रतिकृया

घ) कार्य सञ्चयिका ङ) आत्मा मूल्याङ्कन च) सहपाठी छलफल

छ) लिखित परीक्षा ज) माथीका सबै विधी आवश्यकता अनुसार प्रयोग गर्छु

२. निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेख कसरी राख्नु हुन्छ ?

क) पाठगत आधारमा रेजा चिन्ह लगाएर ख) केही गर्ने गरेको छैन

ग) रेजा संख्यालाई प्रतिशमा वदलेर

३. निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा कुन आधार प्रयोग गर्नु हुन्छ ?

क) कक्षा कार्यमा सहभागिता ख) सृजन शिलता ग) परियोजना कार्य

घ) गृहकार्य ङ) हाजिरी च) माथीका सबै

४. निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा विद्यार्थीले एकपटक गराईका सिकाई क्रियाकलाप राम्ररी गर्न नसक्दा के गर्ने गर्नु भएको छ ?

क) क्रियाकलाप दोहोऱ्याउँछु ख) कम रेजा दिन्छु

ग) केही पनि गर्दिन ।

५. शिक्षण सिकाई क्रियाकलाप गर्दा विद्यार्थीको स्तर निर्धारण गर्नु हुन्छ ?

क) गर्छु ख) गर्दिन त्यसको वारेमा थाहा छैन

६. निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा अतिउत्तम विद्यार्थीलाई कतिवटा रेजा (√ ) दिनुहुन्छ ?

क) तिनवटा ख) दुई वटा ग) एकवटा

७. निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा अनुपस्थित विद्यार्थीलाई यहाँले के गर्ने गर्नु भएको छ ?

क) पाठ दोहोऱ्याएर निरन्तर विद्यार्थी मूल्याङ्कन गर्छु

ख) आर्को दिनको पाठमा मूल्याङ्कन गर्छु

ग) त्यतिकै रेजा दिन्छु

८. शिक्षकसिकाई क्रियाकलाप र निरन्तर मूल्याङ्कन एकैसाथ चल्ने प्रकृया हुन् । त्यसकारण निरन्तर मूल्याङ्न र शिक्षणसिकाई क्रियाकलापलाई प्रभावकारी वनाउन यहाँले के गर्ने गर्नु भएको छ ?

क) पृष्ठपोषण ख) सुधारात्मक शिक्षण

ग) पूर्वज्ञानका आधारमा शिक्षण घ) सिकाई उपलब्धि

ङ) विद्यार्थी केन्द्रित शिक्षणसिकाई आदि च) माथीका सबै

९. निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धि नीतिबारे यहाँलाई जानकारी छ ?

क) छ ख) छैन ग) अलिअलि जानकारि छ

१०. के यहाँले निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी विवरण अभिभावकलाई अध्ययन गर्न दिने गर्नु भएको छ ?

क) छ ख) छैन ग) अभिभावक आउन मान्दैनन्

११. निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी सन्दर्भ समाग्री विद्यालयले उपलब्ध गराई दिने गरेको छ ?

१२. तपाई आफू उक्त सामाग्री खोज गरी अध्ययन गर्नु हुन्छ ?

१३. निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी तालीममा सिकेका कुरा लागू गर्दा कस्ता कठिनाई आई परे ?

१४. ती कठिनाई सहजी करण गर्न के गर्नु हुन्छ ?

**'सहयोगकोलागि धन्यवाद'**

# अनुसूची ५

## अवलोकन फारमका नमूनाहरु :

**विद्यार्थी हाजिरी सम्बन्धी**

विद्यालयकोनाम .................................................. कक्षा : .................

| क.स. | विवरण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | संधै हाजिर हुने विद्यार्थी | | | |
| २ | अलिकम हाजिर हुने विद्यार्थी | | | |
| ३ | कहिलेकाहींमात्र हाजिर हुने विद्यार्थी | | | |

**प्रगति विवरण सम्बन्धी**

विद्यालयको नाम............................................. कक्षाः...........

विषय...............

| क.स. | विवरण (प्रतिशतमा) | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | ७० देखि १०० सम्म ( 'क' श्रेणी ) | | | |
| २ | ४० दखि ६९ सम्म ( 'ख' श्रेणी ) | | | |
| ३ | ४० भन्दा तल ( 'ग' श्रेणी ) | | | |

**कार्यक्षेत्र सर्वेक्षण फारम**

विद्यालयको नाम................................................................

| क.सं. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | खेल मैदान | | | |
| २ | पुस्तकालय | | | |
| ३ | फूलवारी | | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | शौचालय | | | |
| ५ | पर्याप्त भवन | | | |
| ६ | शैक्षिक सामाग्री | | | |
| ७ | फर्निचर | | | |
| ८ | चमेना गृह | | | |
| ९ | छात्रावास | | | |
| १० | कार्याशाला प्रयोग | | | |
| ११ | स्वास्थ्य उपचार कक्ष | | | |
| १२ | खानेपानी र विजुली | | | |
| १३ | सूचना तथा संचार सामाग्री | | | |

# अनुसूची ६

## अध्ययन क्षेत्रका नमूना जनसंख्या तथा विद्यालयको विवरण:

| | नाम | पद | विद्यालय |
|---|---|---|---|
|  | श्री तुलसी ढुंगाना | अध्यक्ष | श्री मेचीजन साधारण उ. मा. वि. वाहुन्डाँगी-६, झापा । |
|  | श्री मुक्तीनाथ चापागाञी | प्र.अ. | श्री मेचीजनसाधारण उ. मा. वि. वाहुन्डाँगी-६, झापा । |
|  | श्रीमती राधा खडका | शिक्षक | श्री मेचीजन साधारण उ. मा. वि. वाहुन्डाँगी-६, झापा । |
|  | श्रीमती नन्द कुमारी फुयल | अभिभावक | श्री मेचीजन साधारण उ. मा. वि. वाहुन्डाँगी-६, झापा |
| | श्री बुद्धिमान खाती | अभिभावक | श्री मेचीजन साधारण उ. मा. वि. वाहुन्डाँगी-६, झापा । |
| | श्री युवराज कट्टेल | अध्यक्ष | श्री भानु उ.मा.वि. बाहुन्डाँगी-४, झापा । |
|  | श्री देवेन्द्र खनाल | प्रधानाध्यापक | श्री भानु उ. मा. वि. बाहुन्डाँगी-४, झापा |
|  | श्रीमती झरना अधिकारी | शिक्षक | श्री भानु उ.मा.वि. बाहुन्डाँगी-४, झापा |
| | श्री दुर्गा महत्ते | अभिभावक | श्री भानु उ.मा.वि बाहुन्डाँगी-४, झापा |

| | | | |
|---|---|---|---|
| | श्री चन्द्र नेपाली | अभिभावक | श्री भानु उ. मा. वि.<br>वाहुन्डाँगी-४, झापा । |
|  | श्री अर्जुन कुमार कार्की | अध्यक्ष | श्री सरस्वती मा. वि.<br>बाहुन्डाँगी- २, झापा |
|  | श्री श्यामराज कार्की | प्रधानाध्यापक | श्री सरस्वती मा. वि.<br>वाहुन्डाँगी- २, झापा |
|  | श्रीमती टुकादेवी भण्डारी | शिक्षक | श्री सरस्वती मा. वि.<br>बाहुन्डाँगी- २, झापा |
| | श्री पर्शुराम राय | अभिभावक | श्री सरस्वती मा. वि.<br>बाहुन्डाँगी- २, झापा । |
| | श्री लाल बहादुर मगर | अभिभावक | श्री सरस्वती मा. वि.<br>बाहुन्डाँगी- २, झापा । |

# अनुसूची ७

## विद्यार्थी परिचय

नाम थर: लीला मिजार

ठेगाना: बाहुन्डाँगी-४, झापा

जन्म मिति: २०२१/१०/१७

शैक्षिक योग्यता

| क्र.स. | योग्यता | अध्ययन गरेको संस्था | उत्तीर्ण वर्ष | उत्तीर्ण श्रेणी | मूल विषय |
|---|---|---|---|---|---|
| १. | एस.एल.सी. | श्री सिद्धेश्वर माध्यमिक विद्यालय दावाँ-६, भोजपुर । | २०४२ | द्वितीय | गणित, विज्ञान |
| २. | आई.ए. | भोजपुर बहुमूखी क्याम्पस, भोजपुर । | २०४५ | द्वितीय | राजनीतिशास्त्र |
| ३. | वी.ए. | भोजपुर बहुमूखी क्याम्पस, भोजपुर । | २०४९ | पास | राजनीतिशास्त्र |
| ४. | वी.एड. | विशेस्वर प्रसाद क्याम्पस, जनकपुर धाम | २०५३ | पास | अंग्रेजी |
| ५. | एम.ए. | स्नातकोत्तर क्याम्पस, विराटनगर, मोरङ । | २०६७ | प्रथम | समाजशास्त्र |

तालिम:

१. एक वर्षे वी.एड.

**कार्यानुभव:**

१. रोष्टर प्रशिक्षक बाहुन्डाँगी स्रोत केन्द्र (२०६६ देखि हाल सम्म) ।

२. शिक्षण श्री सिद्धेश्वर माध्यमिक विद्यालय, दाँवा-६, भोजपुर (२०४३-२०४८) ।

३. शिक्षण श्री भानु उच्च माध्यमिक विद्यालय, बाहुन्डाँगी-४, झापा । (२०४८-२०५२) ।

४. श्री मेची जनसाधारण उ. मा. वि. बाहुन्डाँगी-६, झापा, २०५३- हाल सम्म)

# निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयन

## अनुसूची १

## अभिभावककालागि सोधिएको प्रश्नावली

अभिभावकको नामः.......................................................

विद्यालयः ..................................................................

**कृपया आपूसँग मिल्ने उत्तरमा (√ ) दिनुहोस् ।**

१. यहाँले आफ्ना छोराछोरीलाई नियमित रुपले विद्यालय पठाउने गर्नु भएको छ ?

क) नियमित पठाउने गरेको छ ।

ख) नियमित पठाउने गरेको छैन ।

ग) धेरै जसो वाटामा अल्मलिन्छन् ।

२. यहाँले आफ्ना छोराछोरीकालागि आवश्यकता अनुसार पढाई लेखाईका सामाग्री जुटाईदिने गर्नु भएको छ ?

क) जुटाईदिन गरेको छ ।

ख) छैन, आर्थिक कठिनाई छ ।

ग) हराएर आउँछन् ।

३. यहाँले आफ्ना छोराछोरीको विद्यालयमा गएर उनीहरुको सिकाई उपलब्धि वारे जानकारी लिने गर्नु भएको छ ।

क) छ ।  ख) छैन ।  ग) विद्यालयले जानकारी दिदैंन ।

४. आफ्ना छोराछोरीकालागि यहाँले घरमा लेख्पढ् गर्ने वातावरण तयार गरिदिनु हुन्छ ?

क) गरिदिने गरेको छ ।

ख) छैन / घरकाज गर्नु पर्छ ।

ग) भनेको मान्दैन ।

५. आफ्ना छोराछोरीलाई विद्यालय खुल्ने सबै दिन विद्यालय पठाउने गर्नु भएको छ ? छैन भने किन ?

**‘सहयोगकोलागि धन्यवाद’**

## अनुसूची २

## विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुकालागि सोधिएको प्रश्नावली

अध्यक्षको नाम..............................................................

विद्यालयको नाम ....................................................................

**कृपया आफू संग मिल्ने उत्तरमा रेजा (√ ) दिनुहोस् ।**

१.यहाँले आफ्नो विद्यालयमा तथ्याङ्क अद्यवधिक गराई राख्न लगाउनु भएको छ ?

क) गरेको छ । ख) गर्न लगाउने गरेको छैन । ग) मलाई थाहा छैन ।

२. शिक्षाको गुणस्तरकोलागि यहाँले शिक्षक अभिभावक संघको गठन गर्नु भएको छ ?

क) छ । ख) छैन । ग) विघटन भएको छ ।

३. विद्यार्थीको शैक्षिक प्रगति र निरन्तर मूल्याङ्कनको वारेमा यहाँले जानकारी लिने गर्नु भएको छ ?

क) लिने गरेको छु । ख) लिने गरेको छैन । ग) यो त शिक्षकको काम हो ।

४. यहाँले निरन्तर विद्यार्थी मूल्याङ्कनको महत्वको वारेमा सम्वन्धित सरोकारवालासंग छलफल र वहस गर्ने गर्नु भएको छ ?

क) छ । ख) छैन । ग) सरोकारवलाहरुको उपस्थिती न्यूनछ ।

५. यहाँले अभिभावकसंग बैठक वसी निरन्तर विद्यार्थी मूल्याङ्कनको वारेमा पृष्ठपोषण दिने गर्नु भएको छ ?

क) छ । ख) छैन । ग) मलाई थाहा छैन ।

६. यहाँले विद्यालयमा भौतिक व्यवस्थापनकोलागि शिक्षक, अभिभावक र प्र.अ. संग छलफल गर्ने गर्नु भएको छ ? छैन भने किन ?

७. यहाँले प्राथमिक कक्षामा निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धि सामाग्री शत्रको शुरुमा व्यवस्थापन गरिदिने गर्नु भएको छ ?

८. यहाँले शिक्षक तालिमकोलागि सम्वन्धित कार्यलयमा माग गरिदिने गर्नु भएको छ ? छैन भने किन ?

**‘सहयोगकोलागि धन्यवाद’**

# अनुसूची ३

## प्रधानाध्यापककोलागि सोधिएको प्रश्नावली

प्र.अ. को नाम ..................................................................

विद्यालय ........................................................................

**कृपया आफू र आफ्नो विद्यालयसंग मिल्ने उत्तरमा (√ ) दिनुहोस् ।**

१. निरन्तर विद्यार्थी मूल्याङ्कनको वारेमा यहाँले अभिमूखिकरण कार्यक्रम सञ्चालन गर्ने गर्नु भएको छ ?

क) छ । ख) कार्यक्रम गर्ने अवसर हुँदैन । ग) भ्याईंदैन ।

२. आफ्नो विद्यालयको शैक्षिक व्यवस्थापन तथा सूचना व्यवस्थापन प्रणालीमा निरन्तर विद्यार्थी मूल्याङ्कन अध्यावधि गरी राख्नु भएको छ ?

क) छ । ख) छैन । ग) गर्न लगाउँछु ।

३. विद्यालयको उक्त मूल्याङ्कनको सूचना एक प्रति श्रोत केन्द्रमा पठाउने गर्नु भएका छ ?

क) छ । ख) छैन । ग) श्रोतव्यक्ति आफैं आएर लानु हुन्छ ।

४. शिक्षकले तयार पारेका कार्य सञ्चयीका फायल तथा अन्य अभिलेख दुरुस्त छन् / छैनन् जाँच गर्ने गर्नु भएको छ ? छैन भने किन ?

क) छ । ख) छैन । ग) फुर्सद छैन ।

५. कक्षामा निरन्तर अनुगमन गर्ने गर्नु भएको छ ?

क) छ । ख) छैन । ग) कहिले काहीं ।

६. यहाँले विद्यालयमा कति कक्षा सम्म कक्षा शिक्षकको व्यवस्था गरिदिनु भएको छ ?

क) कक्षा १ र २ मा ग) कक्षा १-३ मा । ख) कक्षा शिक्षकको व्यवस्था छैन ।

७. निरन्तर विद्यार्थी मूल्याङ्कनको वारेमा यहाँले सन्दर्भ सामाग्री खोजेर अध्ययन गर्ने गर्नु भएको छ ?

८. निरन्तर विद्यार्थी मूल्याङ्कनमा प्राथमिक शिक्षकको भूमिकाको स्थिती के छ ?

९. शिक्षकको कक्षा अवलोकन गर्ने गर्नु भएको छ ? छैन भने किन

१०. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यन्वयनमा सहजीकरण गर्न शिक्षक मागलाई कत्तिको ध्यान दिने गर्नु भएको छ

# अनुसूची ४

## शिक्षककोलागि सोधिएको प्रश्नावली

शिक्षकको नाम ..................................................................

विद्यालयको नाम..................................................................

कृपया आफू संग मिल्ने उत्तरमा रेजा (√ ) दिनुहोस् ।

१. यहाँले निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा कुन विधीको प्रयोग गर्नुहुन्छ ?

क) अवलोकन   ख) प्रश्नोत्तर   ग) अभिभावक सम्पर्क प्रतिकृया

घ) कार्य सञ्चयिका   ङ) आत्मा मूल्याङ्कन   च) सहपाठी छलफल

छ) लिखित परीक्षा   ज) माथीका सबै विधी आवश्यकता अनुसार प्रयोग गर्छु

२. निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेख कसरी राख्नु हुन्छ ?

क) पाठगत आधारमा रेजा चिन्ह लगाएर   ख) केही गर्ने गरेको छैन

ग) रेजा संख्यालाई प्रतिशमा वदलेर

३. निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा कुन आधार प्रयोग गर्नु हुन्छ ?

क) कक्षा कार्यमा सहभागिता   ख) सृजन शिलता   ग) परियोजना कार्य

घ) गृहकार्य   ङ) हाजिरी   च) माथीका सबै

४. निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा विद्यार्थीले एकपटक गराईका सिकाई क्रियाकलाप राम्ररी गर्न नसक्दा के गर्ने गर्नु भएको छ ?

क) क्रियाकलाप दोहोऱ्याउँछु   ख) कम रेजा दिन्छु

ग) केही पनि गर्दिन ।

५. शिक्षण सिकाई क्रियाकलाप गर्दा विद्यार्थीको स्तर निर्धारण गर्नु हुन्छ ?

क) गर्छु   ख) गर्दिन   त्यसको वारेमा थाहा छैन

६. निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा अतिउत्तम विद्यार्थीलाई कतिवटा रेजा ( √ ) दिनुहुन्छ ?

क) तिनवटा   ख) दुई वटा   ग) एकवटा

७. निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा अनुपस्थित विद्यार्थीलाई यहाँले के गर्ने गर्नु भएको छ ?

क) पाठ दोहोऱ्याएर निरन्तर विद्यार्थी मूल्याङ्कन गर्छु

ख) आर्को दिनको पाठमा मूल्याङ्कन गर्छु

ग) त्यतिकै रेजा दिन्छु

८. शिक्षकसिकाई क्रियाकलाप र निरन्तर मूल्याङ्कन एकैसाथ चल्ने प्रकृया हुन् । त्यसकारण निरन्तर मूल्याङ्न र शिक्षणसिकाई क्रियाकलापलाई प्रभावकारी वनाउन यहाँले के गर्ने गर्नु भएको छ ?

क) पृष्ठपोषण ख) सुधारात्मक शिक्षण

ग) पूर्वज्ञानका आधारमा शिक्षण घ) सिकाई उपलब्धि

ङ) विद्यार्थी केन्द्रित शिक्षणसिकाई आदि च) माथीका सबै

९. निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धि नीतिबारे यहाँलाई जानकारी छ ?

क) छ ख) छैन ग) अलिअलि जानकारि छ

१०. के यहाँले निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी विवरण अभिभावकलाई अध्ययन गर्न दिने गर्नु भएको छ ?

क) छ ख) छैन ग) अभिभावक आउन मान्दैनन्

११. निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी सन्दर्भ समाग्री विद्यालयले उपलब्ध गराई दिने गरेको छ ?

१२. तपाई आफू उक्त सामाग्री खोज गरी अध्ययन गर्नु हुन्छ ?

१३. निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी तालीममा सिकेका कुरा लागू गर्दा कस्ता कठिनाई आई परे ?

१४. ती कठिनाई सहजी करण गर्न के गर्नु हुन्छ ?

**'सहयोगकोलागि धन्यवाद'**

# अनुसूची ५

## अवलोकन फारमका नमूनाहरु :

**विद्यार्थी हाजिरी सम्बन्धी**

विद्यालयकोनाम ................................................... कक्षा : .................

| क.स. | विवरण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | संधै हाजिर हुने विद्यार्थी | | | |
| २ | अलिकम हाजिर हुने विद्यार्थी | | | |
| ३ | कहिलेकाहींमात्र हाजिर हुने विद्यार्थी | | | |

**प्रगति विवरण सम्बन्धी**

विद्यालयको नाम............................................. कक्षाः...........

विषय...............

| क.स. | विवरण (प्रतिशतमा) | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | ७० देखि १०० सम्म ( 'क' श्रेणी ) | | | |
| २ | ४० दखि ६९ सम्म ( 'ख' श्रेणी ) | | | |
| ३ | ४० भन्दा तल ( 'ग' श्रेणी ) | | | |

**कार्यक्षेत्र सर्वेक्षण फारम**


विद्यालयको नाम.................................................................

| क.सं. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | खेल मैदान | | | |
| २ | पुस्तकालय | | | |
| ३ | फूलवारी | | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | शौचालय | | | |
| ५ | पर्याप्त भवन | | | |
| ६ | शैक्षिक सामाग्री | | | |
| ७ | फर्निचर | | | |
| ८ | चमेना गृह | | | |
| ९ | छात्रावास | | | |
| १० | कार्याशाला प्रयोग | | | |
| ११ | स्वास्थ्य उपचार कक्ष | | | |
| १२ | खानेपानी र विजुली | | | |
| १३ | सूचना तथा संचार सामाग्री | | | |

# अनुसूची ६

## अध्ययन क्षेत्रका नमूना जनसंख्या तथा विद्यालयको विवरण:

| | नाम | पद | विद्यालय |
|---|---|---|---|
|  | श्री तुलसी ढुंगाना | अध्यक्ष | श्री मेचीजन साधारण उ. मा. वि. वाहुन्डाँगी-६, झापा । |
|  | श्री मुक्तीनाथ चापागात्री | प्र.अ. | श्री मेचीजनसाधारण उ. मा. वि. वाहुन्डाँगी-६, झापा । |
|  | श्रीमती राधा खडका | शिक्षक | श्री मेचीजन साधारण उ. मा. वि. वाहुन्डाँगी-६, झापा । |
|  | श्रीमती नन्द कुमारी फुयल | अभिभावक | श्री मेचीजन साधारण उ. मा. वि. वाहुन्डाँगी-६, झापा |
| | श्री बुद्धिमान खाती | अभिभावक | श्री मेचीजन साधारण उ. मा. वि. वाहुन्डाँगी-६, झापा । |
| | श्री युवराज कट्टेल | अध्यक्ष | श्री भानु उ.मा.वि. बाहुन्डाँगी-४, झापा । |
|  | श्री देवेन्द्र खनाल | प्रधानाध्यापक | श्री भानु उ. मा. वि. बाहुन्डाँगी-४, झापा |
|  | श्रीमती झरना अधिकारी | शिक्षक | श्री भानु उ.मा.वि. बाहुन्डाँगी-४, झापा |
| | श्री दुर्गा महत्ते | अभिभावक | श्री भानु उ.मा.वि बाहुन्डाँगी-४, झापा |

| | | | |
|---|---|---|---|
| | श्री चन्द्र नेपाली | अभिभावक | श्री भानु उ. मा. वि.<br>वाहुन्डाँगी-४, झापा । |
|  | श्री अर्जुन कुमार कार्की | अध्यक्ष | श्री सरस्वती मा. वि.<br>बाहुन्डाँगी- २, झापा |
|  | श्री श्यामराज कार्की | प्रधानाध्यापक | श्री सरस्वती मा. वि.<br>वाहुन्डाँगी- २, झापा |
|  | श्रीमती टुकादेवी भण्डारी | शिक्षक | श्री सरस्वती मा. वि.<br>बाहुन्डाँगी- २, झापा |
| | श्री पर्शुराम राय | अभिभावक | श्री सरस्वती मा. वि.<br>बाहुन्डाँगी- २, झापा । |
| | श्री लाल बहादुर मगर | अभिभावक | श्री सरस्वती मा. वि.<br>बाहुन्डाँगी- २, झापा । |

# अनुसूची ७

## विद्यार्थी परिचय

नाम थरः लीला मिजार

ठेगानाः बाहुन्डाँगी-४, झापा

जन्म मितिः २०२१/१०/१७

शैक्षिक योग्यता

| क्र.स. | योग्यता | अध्ययन गरेको संस्था | उत्तीर्ण वर्ष | उत्तीर्ण श्रेणी | मूल विषय |
|---|---|---|---|---|---|
| १. | एस.एल.सी. | श्री सिद्धेश्वर माध्यमिक विद्यालय दावाँ-६, भोजपुर । | २०४२ | द्वितीय | गणित, विज्ञान |
| २. | आई.ए. | भोजपुर बहुमूखी क्याम्पस, भोजपुर । | २०४५ | द्वितीय | राजनीतिशास्त्र |
| ३. | वी.ए. | भोजपुर बहुमूखी क्याम्पस, भोजपुर । | २०४९ | पास | राजनीतिशास्त्र |
| ४. | वी.एड. | विशेस्वर प्रसाद क्याम्पस, जनकपुर धाम | २०५३ | पास | अंग्रेजी |
| ५. | एम.ए. | स्नातकोत्तर क्याम्पस, विराटनगर, मोरङ । | २०६७ | प्रथम | समाजशास्त्र |

तालिमः

१. एक वर्षे वी.एड.

**कार्यानुभवः**

१. रोष्टर प्रशिक्षक बाहुन्डाँगी स्रोत केन्द्र (२०६६ देखि हाल सम्म) ।

२. शिक्षण श्री सिद्धेश्वर माध्यमिक विद्यालय, दाँवा-६, भोजपुर (२०४३-२०४८) ।

३. शिक्षण श्री भानु उच्च माध्यमिक विद्यालय, बाहुन्डाँगी-४, झापा । (२०४८-२०५२) ।

४. श्री मेची जनसाधारण उ. मा. वि. बाहुन्डाँगी-६, झापा, २०५३- हाल सम्म)